का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ फागुन २०८१, मंगलबार
25 February, 2025 Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## जनतासँग माओवादी याचना



# ‘गल्ती सच्याउँछौं साथ दिनुस्’



१८ वर्षमा हामी कतै थोरै अलमलियौं । कतैतिर हामीले समाजका विभेद, जनताका माग र समस्याहरू सम्बोधन गर्ने एजेन्डाहरू छोड्यौं कि ! भनेर समीक्षा गर्‍यौं र समीक्षा गर्ने प्रयत्न गरिरहेका छौं

**जनार्दन शर्मा**
**उपमहासचिव, नेकपा (माओवादी केन्द्र)**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

नेकपा (माओवादी केन्द्र)को तराई-मधेश जागरण अभियानको सुरुआत भएको छ । झापाको कचनकवलको बनियानीबाट तराई-मधेश जागरण अभियान उद्घाटन गर्दै नेताहरूले जनतासँग जोडिने एक मात्र चाहना रहेको उद्घोष गरे ।

माओवादी आन्तरिक किचलोमा समेत छ । खासगरी बरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिवद्धय वर्षमान पुन र जनार्दन शर्मा माओवादीमा गुटगत राजनीतिमा छन् । यो बेला प्रचण्डले यी सबै नेताहरूलाई एकसाथ लिएर अभियान सुरुआत गरेका हुन् ।

तराई-मधेश जागरण अभियानको सुरुआत गर्दै गर्दा माओवादी नेताहरूले एक स्वरमा जनतासँग जोडिने चाहना रहेको बताए । साथसाथै माओवादीभित्रको आन्तरिक विवादसमेत पहिलो दिन नै छचल्कियो ।

बरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ बोल्न समय कम भएको भनेर बिदा भएको दृश्यले नै माओवादीमा पृष्ठ २ मा

## एमसीसीको भविष्य

# सधैंका लागि निलम्बन कि सुचारु होला ?

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

अमेरिकी विकास परियोजना मिलेनिअम च्यालेन्ज कर्पोरेसन (एमसीसी) निलम्बन भएपछि यसको भविष्यको विषयमा सर्वत्र चासो उत्पन्न भएको छ ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशबाट निलम्बनमा परेको एमसीसी परियोजना सधैंका लागि बन्द भएको हो या फेरि सुचारु हुने भन्ने विषयमा बहस सुरु भएको हो । तर, विज्ञहरूले भने अमेरिका सधैंका लागि एमसीसीबाट नहटेको बताउँछन् ।

एमसीसी परियोजना कार्यालयले २ फागुनमा अर्थ मन्त्रालयलाई इमेल पठाउँदै एमसीसी परियोजनाको कार्यक्रम ९० दिनका लागि निलम्बन भएको जानकारी गराएको छ । त्यसपछि एमसीसी निलम्बनमा परेको औपचारिक जानकारी सार्वजनिक भएको हो ।

ट्रम्प प्रशासनले एमसीसी स्थगन गरेको सूचना जारी गर्नुअघि अमेरिकी सहयोग नियोग (यूएसएआईडी)द्वारा संचालित सहयोगका कार्यक्रम विश्वव्यापी रूपमै स्थगित भएको सार्वजनिक गरेको थियो । यूएसएआईडीले नेपालमा ४ वटा आयोजनाहरू स्वास्थ्य, कृषि, शिक्षा र समावेशी नीतिका परियोजनामा सहयोग गर्दै आइरहेको थियो ।



एमसीसी रोक्ने या नरोक्ने भन्ने निर्णय ट्रम्प प्रशासनले होइन, अमेरिकी संसद्ले मात्र गर्न सक्छ

**गोविन्द बन्दी**
**विज्ञ, अन्तर्राष्ट्रिय कानुन**

यूएसएआईडीले नेपालमा विभिन्न ३३ वटा कार्यक्रममार्फत करिब सय अर्ब लगानी गरेको छ । यसले सन् २०२२ मा नेपाललाई ५ वर्षका लागि ६६ करोड अमेरिकी डलर (करिब ९१ अर्ब रुपैयाँ) सहायता दिएको थियो ।

यस्तै, यूएसएआईडी र विदेश मन्त्रालयका अनुदानका कार्यक्रमका लागि करिब ९५ अर्ब रुपैयाँ बराबर सम्झौता भएको छ । त्यसरी भएको सम्झौतामध्ये आर्थिक वर्ष २०८०/०८१ सम्म ४० करोड ७ लाख डलर बराबर कार्यक्रम कार्यान्वयन नै सुरु भइसकेको छ ।

ट्रम्प प्रशासनले यूएसएआईडीका सहयोग कार्यक्रम रोक्दा यी परियोजनाहरू बन्द भएका छन् ।

### के होला एमीसी ?

नेपाल सरकार र एमसीसीबीच २९ भदौ २०७४ मा एमसीसी सम्झौता भएको हो । सम्झौताअनुसार १३ भदौ २०८० देखि परियोजना कार्यान्वयनमा आएको हो । १५ फागुन २०७८ मा तत्कालीन प्रतिनिधिसभाले एमसीसी अनुमोदन गरेको थियो । एमसीसी परियोजना पृष्ठ २ मा

# गगनले खोजे रिपोर्ट कार्ड



कांग्रेसले जितेका ठाउँमा २०८४ सालमा घोषणापत्र होइन, रिपोर्ट कार्ड लिएर जानेगरी काम गर्नुपर्छ । हामीले घुस खाएनौं, सीमित स्रोत-साधनका बाबजुद पनि हाम्रो कामले भोट दिने वातावरण बनाउने हो

**गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

गत स्थानीय, प्रदेश र संघीय निर्वाचनमा पहिलो दल बनेको नेपाली कांग्रेसभित्र यतिबेला तीनै तहका सरकारको महत्त्वपूर्ण भूमिकामा रहेका प्रतिनिधिले जनताको विश्वास जित्नेगरी काम गरेर ‘रिपोर्ट कार्ड’ तयार गर्नुपर्ने एजेन्डा उठेको छ ।

७५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र संघीय सरकारमा पार्टीका तर्फबाट निर्वाचित पदाधिकारीको संख्य सबैभन्दा बढी कांग्रेसकै भएर पनि जनताले महसुस गर्नेगरी काम गर्न अझै नसकेको टिप्पणीसहित ‘रिपोर्ट कार्ड’को खोजी हुन थालेको हो ।

पार्टीका हरेक जनप्रतिनिधिको कार्यसम्पादन अरू दलका पदाधिकारीको भन्दा राम्रो भए पनि सन्तोषजनक नभएको नेताहरूले बताए । अन्य राजनीतिक दलबाट सरकारमा पुगेका नेताहरूको कार्यसम्पादन अझै कमजोर रहेको कार्यसम्पादन मूल्यांकनले देखाएको छ ।

कांग्रेसका नेताहरूले आगामी निर्वाचनलाई मध्यजनर गर्दै हरेक तहका सरकारमा रहेका पदाधिकारीको कार्यसम्पादन अझ प्रभावकारी र जनमैत्री बन्नुपर्नेमा जोड दिएका छन् । हरेक तहका सरकारका प्रतिनिधिले आगामी निर्वाचनमा घोषणापत्रभन्दा ‘रिपोर्ट कार्ड’ लिएर जनतामा जाने तयारी गर्नुपर्ने कांग्रेसका महामन्त्री गगनकुमार थापाले बताए ।

प्रदेश र संघीय सरकारको प्रमुख सहयात्री दल कांग्रेसका महामन्त्री थापाले स्थानीय प्रदेश र संघीय तीनै तहका सरकारमा रहेका पदाधिकारीले आगामी निर्वाचनमा ‘रिपोर्ट कार्ड’ लिएर जनतामा जान सक्ने हैसियत निर्माण गर्नेगरी काम गर्न निर्देशनसमेत दिए ।

पार्टीको कार्यक्रममा रोल्पा र प्युठान पुगेका थापाले कांग्रेसले जितेका कुनै पनि क्षेत्र टाढैबाट हेर्दा अलग्गै चिनिने हुनुपर्ने बताए । ‘कांग्रेसले जितेका ठाउँमा २०८४ सालमा घोषणापत्र होइन, रिपोर्ट कार्ड लिएर जानेगरी काम गर्नुपर्छ । हामीले घुस खाएनौं, सीमित स्रोत-साधनका बाबजुद पनि योयो गर्‍यौं भनेर रिपोर्ट कार्ड लिएर जनतामा जाने हो । कांग्रेसले जितेका ठाउँमा हाम्रो कामले भोट दिने वातावरण बनाउने हो ।’

देशको सबैभन्दा ठूलो दल कांग्रेस आगामी निर्वाचनमा पनि पहिलो दल बन्ने कुराको निर्धारण सो दलका जनप्रतिनिधिले गर्ने काममा भरपर्ने विज्ञहरूले सुझाव दिएका छन् । ‘हरेक सरकारमा ठूलो दल बने पनि सरकारको जिम्मेवारीमा रहेका व्यक्तिले जनमैत्री काम गर्न सकेका पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# माघमा ७२ हजार बढी नेपाली गए वैदेशिक रोजगारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन ।

माघ महिनामा ७२ हजारभन्दा बढी युवा-युवती वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको माघ महिनाको प्रगति विवरणअनुसार माघमा ७२ हजार ४४१ जना युवा-युवती वैदेशिक रोजगारीमा गएका छन् ।

पुसमा ६७ हजार २५८ जनाको श्रम स्वीकृति भएको थियो । पुसको तुलनामा माघमा ५ हजारभन्दा केही बढी हो । माघ महिनाको तथ्यांकले दैनिक सरदर २ हजार ४०० जना वैधानिक प्रक्रियाबाट वैदेशिक रोजगारीमा गएका देखिन्छ ।

माघ महिनामा म्यानपावर कम्पनीबाट ३३ हजार ४५२ जना गएका छन् । उक्त तथ्यांकले म्यानपावरबाट १ हजार ११५ जना गएका देखिन्छ ।

माघमा व्यक्तिगत श्रम स्वीकृति लिनेमा ९ हजार ७१५ जना छन् । पुन: श्रम स्वीकृति लिनेको संख्या २८ हजार २५८ छ भने जीटुजीमार्फत १ हजार १६ जना गएका छन् ।

माघमा म्यानपावर कम्पनीले १३ मुलुकमा मात्र कामदार पठाउन सकेका छन् । युरोपेली मुलुकमा रहेका नेपाली दूतावासहरूले मागपत्र प्रमाणीकरण नगर्दा म्यानपावर कम्पनीहरूले डिमान्ड भएका मुलुकमा पनि कामदार पठाउन नसकेका वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो यथावत् छ ।

पुस महिनामा पनि म्यानपावर कम्पनीले १६ देशमा मात्र कामदार पठाएका थिए । पुसको तुलनामा माघमा करिब ५ हजार बढी कामदार पठाए पनि म्यानपावर कम्पनीहरू परम्परागत गन्तव्यमा निर्भर देखिन्छन् । साउदी अरेबिया, बेलायत, बहराइन, साइप्रस, जापान, जोर्डन, कुवेत, मलेसिया, मरिसस, ओमान, कतार, रोमानिया र टर्कीमा मात्र कामदार पठाएका छन् ।

माघमा २५ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीका लागि यूएई पुगेका छन् । त्यसमा म्यानपावर कम्पनीमार्फत १७ हजार ४९१ जना गएका छन् ।

साउदी अरेबियामा म्यानपावर कम्पनीमार्फत ६ हजार ५४८ जना, बहराइनमा ५३६ जना, साइप्रसमा ४४९ जना, जापानमा १३० जना, जोर्डनमा ३९ जना, कुवेतमा पृष्ठ २ मा

### माघमा धेरै कामदार पठाउनेमा एसओएस पहिलो, लिंक इन्टरनेसनल दोस्रो र प्याराडाइज तेस्रो

**काठमाडौं/मस–** गत माघ महिनामा ७ दर्जन बढी म्यानपावर कम्पनीले १०० र सोभन्दा बढी नेपाली कामदार वैदेशिक रोजगारीमा पठाएका छन् । त्यसमध्ये १ हजार २१२ जना कामदार पठाएको एसओएस म्यानपावर सर्भिस प्रा. लि. बढी कामदार पठाउने कम्पनीहरूको शीर्ष स्थानमा रहेको छ । यस्तै, १ हजार ३६ जना कामदार पठाएको लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रा. लि. दोस्रो र ८६७ जना कामदार पठाएको प्याराडाइज इन्टरनेसनल प्रा. लि. शीर्ष सूचीको तेस्रो नम्बरमा छ ।

**धेरै कामदार पठाउने म्यानपावर कम्पनीहरू**
एसओएस म्यानपावर सर्भिस प्रा. लि.- १,२१३
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रा. लि.- १,०३६
प्याराडाइज इन्टरनेसनल प्रा. लि.- ८६७
गल्फ म्यानपावर सर्भिस प्रा. लि.- ५६०
नीलकमल ह्युमन रिसोर्स प्रा. लि.- ५१३
पृष्ठ २ मा

## दशौं राष्ट्रिय खेलकुद

# प्रतियोगिता सार्ने बहाना खोज्दै मन्त्री चौधरी



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १२ फागुन ।

२३ चैतदेखि कर्णालीमा हुने भनिएको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता तोकिएकै मितिमा नहुने लगभग निश्चित भएको छ । खेलकुद प्रतियोगिता आउन ४२ दिन बाँकी रहँदा पनि प्रतियोगिताको कुनै पनि तयारी नहुँदा यहाँ प्रतियोगिता नहुने निश्चित जस्तै भएको हो ।


यसअघि २ मंसिरमा हुने भनिएको १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तिममा आएर स्थगित भएको थियो ।

उक्त समयमा प्रतियोगिता हुन नसकेपछि २३ चैतका लागि नयाँ मिति तोकिएको थियो । तर, यस मितिमा पनि पृष्ठ २ मा



दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता चैतमा हुँदैन जस्तो छ”, उनले मध्यान्हसँग भने, “समय पनि कमै मात्रामा छ, बोर्डको बैठक १५/१६ गते बस्छ अनि कहिले हुने हो निर्णय हुन्छ

**तेजुलाल चौधरी**
**मन्त्री, युवा तथा खेलकुद**



प्रतियोगिता हुने भए त अहिलेसम्म विभिन्न सामग्री खरिदलगायतका लागि टेन्डरको सूचना, प्रतियोगिताको तयारी गर्नुपर्ने हो, त्यो केही गरिएकै छैन

**विश्वामित्र सञ्ज्याल**
**निवर्तमान सदस्य सचिव**
**कर्णाली प्रदेश खेलकुद विकास परिषद्**

**गल्ती...**

नेताहरूको गुटगत राजनीतिक कुन हदमा छ भन्ने देखाउँछ । उपमहासचिव जनार्दन शर्माले त जनताको आवाज सुन्न माओवादीको नेतृत्वको टिम नै बदलिन जरुरी रहेको भनेर प्रचण्डसहितका नेता केन्द्रित अभिव्यक्ति दिए । 'यो समाजमा विभेद बाँकी छ । १८ वर्षमा हामी कतै थोरै अलमलियौं । कतैतिर हामीले यी एजेन्डाहरू छोड्यौं', उपमहासचिव शर्माले भनेका छन् । उनी अगाडि थप्छन्, 'हाम्रा कामहरू बाँकी छन् । यस कारण हामीले हाम्रा एजेन्डा छोड्यौं कि कतै भनेर समीक्षा गर्‍यौं र समीक्षा गर्ने प्रयत्न गरिरहेका छौं ।'

आत्मसमीक्षाको प्रक्रियाअन्तर्गत तराई-मधेश जागरण अभियानमा निस्किएको उनले बताए । तर, तमाम काम गर्नका लागि र पार्टीले एजेन्डा पूरा गर्न नेतृत्व आफैंले आफैंलाई रूपान्तरण गर्न जरुरी रहेको बताए । शर्मा भन्छन्, 'माओवादी नेतृत्वको यो टिमले आफैंले आफैंलाई रूपान्तरण गर्नु छ, आफैंले आफैंलाई बदल्नु छ ।'

माओवादी नेतृत्व टिम नै बदलिने हो भने जनताको आवाजको नेतृत्व गर्न नसकिने उनले बताए । जनताका अनेक समस्या रहेको उनले स्मरण गरे । शिक्षा, स्वास्थ्य उपचारमा सेवामा समस्या रहेको बताए । संविधानले नै शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । तर, यो मौलिक हक जनताले पाउन सकिरहेका छैनन् । शिक्षा महँगो छ, स्वास्थ्य महँगो छ ।

रोजगारीको अवसरसमेत नागरिकले पाउन नसक्ने अवस्था रहेको शर्माले बताए । संवैधानिक अधिकार नागरिकलाई दिलाउन र स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्दै मुलुकको नेतृत्व गर्नका लागि माओवादी नेतृत्व बदलिन आवश्यक रहेको उनले पुनः दोहोर्‍याए । यी सब कुराहरू गर्नका लागि माओवादी पार्टी, माओवादी पार्टीको नेतृत्वको यो टिम बदलिनुपर्ने उनको भनाइ छ । अन्यथा, माओवादीले पनि केही गर्न नसक्ने उनको चेतावनी छ ।

शान्ति प्रक्रियायता लामो समयसम्म सत्तामा रहेको माओवादी केन्द्र प्रमुख प्रतिपक्षको भूमिकामा पुगेसँगै देशव्यापी अभियानमा निस्केको हो । 'जनतासँग माओवादी, तराई-मधेश जागरण अभियान' नाम दिइएको यो अभियान आगामी ७ चैतमा कंचनपुर पुगेर अभियानको समापन हुने छ ।

अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भने विगतका आफ्ना कमीकमजोरीप्रति समीक्षा गर्दै गल्ती सच्याएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले बारबार भन्दै आएका छन्, 'गल्ती सच्याउँछौं, साथ दिनुस् ।' मंगलबार सुनसरीमा कार्यक्रम हुने छ । मधेश प्रदेशअन्तर्गत सप्तरीमा १६ फागुन, सिरहामा १७ फागुन, धनुषामा १८ फागुन र महोत्तरीमा १९ फागुनमा कार्यक्रम हुने छ । सर्लाहीमा २१ फागुन, रौतहटमा २२ फागुन, बारामा २३ फागुन, पर्सामा २४ फागुनमा कार्यक्रम हुने छन् । बागमती प्रदेशअन्तर्गत चितवनमा २६ फागुनमा कार्यक्रम हुने छ ।

गण्डकी प्रदेशअन्तर्गत नवलपुर (नवलपरासीपूर्व)मा २६ फागुन, लुम्बिनी प्रदेशअन्तर्गत परासी (नवलपरासी पश्चिम)मा २७ फागुन, रुपन्देहीमा २८ फागुनमा अभियानअन्तर्गतका कार्यक्रम हुने छन् । कपिलवस्तुमा २ चैत, दाङमा ३ चैत, बाँकेमा ४ चैत, बर्दियामा ५ चैतमा कार्यक्रम हुने छ । सुदूरपश्चिम प्रदेशअन्तर्गत कैलालीमा ६ चैतमा कार्यक्रम हुने छ । ७ चैतमा कंचनपुरमा कार्यक्रम हुने छ र तराई-मधेश जागरण अभियान समापन गरिने छ ।

अभियानको स्वरूपअन्तर्गत जनसभा, चोकसभा, अन्तरक्रिया, जनभेटघाट हुने छ । अभियानको क्रममा कार्यक्रम गर्ने स्थानहरूको निर्धारण सम्बन्धित प्रदेश तथा जिल्लाहरूले तय गरेबमोजिम हुने छ । बिहान, दिउँसो र बेलुका गरी स-साना ३ वटा कार्यक्रम तय गरिएका छन् ।

अभियान टोलीमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महासचिव र उपमहासचिवहरूका साथै सांस्कृतिक टोलीहरू रहने छन् ।

यसअघि गत पुस २१ गतेदेखि २३ गतेसम्म बसेको पार्टीको केन्द्रीय समितिको बैठकले मुलुकको राष्ट्रिय राजनीतिक परिस्थिति र पार्टीको नीति कार्यक्रमलाई जनस्तरसम्म पुर्‍याउने निर्णय गरेको थियो । त्यस अन्तर्गत पूर्व-पश्चिम हुलाकी मार्ग केन्द्रित तराई मधेश जागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो ।

तराई मधेश जागरण अभियान पछि २०८२ साल वैशाख महिनामा मध्यपहाडी लोकमार्ग केन्द्रित पूर्व-पश्चिम जागरण अभियान सञ्चालन गर्ने माओवादीको निर्णय छ ।

**सधैंका...**

६९ करोड ७० लाख डलर (करिब ९२ अर्ब रुपैयाँ)को छ, जसमा अमेरिकी सर कारले ५० करोड डलर र नेपाल सरकारले १९ करोड ७० लाख डलर बेहोरेको छ । यसै वर्ष पुसमा अमेरिकी सरकारले परियोजनाका लागि थप ५ करोड डलर दिएको छ । यो कार्यक्रमअन्तर्गत ५ वर्षभित्र करिब ३१५ किलोमिटर लामो विद्युत् प्रसारण लाइन र ७० किमी सडक विस्तार गर्ने योजना छन् । जानकारहरू अमेरिकी संसद्बाट कानुन बनेर एमसीसी परियोजना सुरु भएका कारण यो हाललाई निलम्बनमा परे पनि स्थगित नहुने बताउँछन् ।

एमसीसी परियोजना अमेरिकाको अन्य सहायताभन्दा फरक छ । यो अमेरिकाको यूएसएड भन्दा पनि फरक रहेको जानकारहरूको भनाइ छ ।

एमसीसी सम्झौताको शर्तअनुसार परियोजना कार्यान्वयन सुरु भएको ५ वर्षभित्र एमसीसीअन्तर्गतका आयोजना सम्पन्न नभए त्यसअन्तर्गत प्रतिबद्धता जनाइएको छ भने बाँकी रकम आउन बन्द हुन्छ र बचेको सहायता रकम फिर्ता जान्छ ।

त्यसैले यसअन्तर्गत रहेका आयोजनाहरू २०२८ को अगस्टभित्र पूरा गर्नुपर्ने दबाब नेपाललाई छ । परियोजनाको समयसीमाको दबाब र कार्यान्वयन प्रगतिमा देखिएको सुस्तताबीच ९० दिन एमसीसी स्थगन हुँदा सयौं आयोजनाहरूमा काम रोकिएको एमसीए नेपालका अधिकारीहरू बताउँछन् ।

'एमसीसी अमेरिकी संसद्ले पारित गरेको कानुनबाट बनेको निकाय हो । यो संसद्प्रति जबाफदेही हुन्छ र यसलाई संसद्ले प्रश्न गर्न सक्छ', पूर्वकानुनमन्त्री गोविन्द बन्दीले बताए ।

यूएसएआईडीबाट नेपालले प्राप्त गर्ने अनुदान अमेरिकी सरकारले दिएको अनुदान हो भने एमसीसी अमेरिकी संसद् कंग्रेसले पारित गरेको हो । 'एमसीसी रोक्ने या नरोक्ने भन्ने निर्णय ट्रम्प प्रशासनले होइन, अमेरिकी संसद्ले मात्र गर्न सक्छ', बन्दीले भने ।

अमेरिकी संसद्बाट स्थापना भएको र नेपालको संसद्बाट समेत अनुमोदन भइसकेका कारण अमेरिकाले एकतर्फी रूपमा एमसीसी फिर्ता लैजान नसक्ने उनको भनाइ छ ।

राष्ट्रपति ट्रम्पले अर्बपति एलन मस्कको नेतृत्वमा गठन गरेका डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसिएन्सी (डीओजीई)ले अमेरिकी सरकारले विश्वभर दिइरहेको अनुदान ३ महिनाका लागि स्थगन गरेको छ । ती अनुदानको प्रभावकारिताबारे अध्ययन भइरहेको डीओजीईको भनाइ छ । त्यसलगत्तै नेपालसहित संसारभर यूएसएआईडीबाट परियोजनाअन्तर्गतका कार्यक्रम स्थगन भएका थिए । अन्तर्राष्ट्रिय कानुनका जानकारसमेत रहेका पूर्वमन्त्री बन्दीले अमेरिकाले रोकेको एमसीसी अल्पकालीन रहेको बताउँछन् । 'अमेरिकी अनुदानलाई पुनरावलोकन गर्ने क्रममा एमसीसी पनि परेको हो । तर, यसको अनुदान नै सदाका लागि रोकिन्छ या बन्द हुन्छ, मलाई लाग्दैन', उनले भने ।

नेपालस्थित अमेरिकी दूतावासले एमसीसीले राष्ट्रपति ट्रम्पका कार्यकारी आदेशहरू र अफिस अफ म्यानेज्मेन्ट एन्ड बजेट (ओएमबी)को निर्देशन पालना गरिरहेको जनाएको छ ।

'यस परिपालनको हिस्सास्वरूप राष्ट्रपति ट्रम्पद्वारा ६ माघ २०८१ मा जारी कार्यकारी आदेशबमोजिम भुक्तानीलगायत एमसीसीसँग सम्बन्धित गतिविधिहरू अस्थायी रूपमा रोकिएका छन् र समीक्षाको क्रममा छन्', दूतावासले भनेको छ, 'अमेरिकी सरकार नेपालसँगको साझेदारीप्रति कटिबद्ध छ र समीक्षा प्रक्रिया पूरा भएपछि आगामी कदमका बारेमा नेपाल सरकारसँग छलफल गर्ने छ ।' त्यसअघि ट्रम्प प्रशासनले जारी गरेको आदेशमा ९० दिनभित्र अमेरिकी विदेश नीतिसँग तिनको तालमेल र ती कार्यक्रमका कार्यकुशलताका आधारमा ती कार्यक्रमहरूको समीक्षा गरिने भनिएको छ ।

**गगनले ...**

छन् कि छैनन् ? वर्तमान राजनीतिमा यो महत्त्वपूर्ण प्रश्न बनेको छ', विश्लेषक विष्णु पन्थीले भने । उक्त प्रश्नको जबाफ दिन सक्नेगरी जनप्रतिनिधिले काम गर्नुपर्ने उनको भनाइ छ ।

गत स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस १३ हजार ७५८, नेकपा एमालेका ११ हजार ८९३, नेकपा (माओवादी केन्द्र) ५ हजार ४५, जनता समाजवादी पार्टी १ हजार ५४८, नेकपा (एकीकृत समाजवादी) ९८७, लोकतान्त्रिक समाजवादी पार्टी ५८१ र राष्ट्रिय प्रजातन्त्र पार्टीका ३०५ जना निर्वाचित भएका छन् ।

त्यस्तै, प्रदेशसभा निर्वाचनमा बाग्मतीमा ३७, गण्डकीमा २७, कर्णालीमा १४, सुदूरपश्चिममा १९ सिटसहित ४ वटा प्रदेशमा नेपाली कांग्रेस पहिलो दल बनेको छ । बाँकी कोशी प्रदेशमा ४०, मधेश प्रदेशमा २३ र लुम्बिनिमा २९ सिटसहित ३ वटा प्रदेशमा एमाले पहिलो दल बनेको छ ।

सोहीअनुसार वर्तमान कांग्रेस-एमाले गठबन्धन सरकारमा भागबन्डा गरेर ३/३ प्रददेशमा मुख्यमन्त्री र सोहीअनुसार सरकारमा कांग्रेस सहभागी छ । बाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्दा कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वको सरकार छ ।एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारका २४ मन्त्रीमध्ये १२ जना कांग्रेसका छन् । एमालेका प्रधानमन्त्रीसहित ८ र अन्य सत्ता सहयात्री दलका नेताहरू मन्त्रिपरिषद्मा छन् । यसरी हेर्दा ३ वटै तहका सरकारमा सबैभन्दा बढी नेपाली कांग्रेसको बर्चस्व छ । आगामी २०८४ सालको निर्वाचनमा पनि पार्टीको सिट नघटाउन जनमैत्री काम हुनुपर्नेमा नेताहरूको जोड छ ।

सरकारमा रहेर जनताले महसुस गर्नेगरी काम गर्न नसक्नेले सरकार छाड्नुपर्ने पार्टीभित्रै आवाजहरू उठ्न थालेका छन् । कांग्रेसका तर्फबाट गएका १० मन्त्री र २ राज्यमन्त्रीको कार्यसम्पादन अन्य दलका मन्त्रीको भन्दा सन्तोषजन देखिए पनि पार्टीका नेताहरू पूर्ण सन्तुष्ट छैनन् ।

स्थानीय तहका वडा अध्यक्ष, पालिका प्रमुख, प्रदेशमन्त्री र संघीय मन्त्रीहरूले समेत पार्टीका नेताहरूसँग समन्वय गर्न नसकेको आरोप खेप्दै आएका छन् । यसलाई चिर्दै जनअपेक्षाअनुसारका काम गर्नका लागि जुन तहको सरकारको जिम्मेवारीमा रहेका नेताहरूले सोही तहका पार्टी पदाधिकारीसँग समेत समन्वयमा काम गर्नुपर्नेमा जोड दिएका छन् ।

सरकारमा रहँदा गरेका कामको 'रिपोर्ट कार्ड' लिएर मात्र आगामी निर्वाचनमा मत माग्न जाने तयारी गर्न महामन्त्री थापाले पार्टीले नेतृत्व गरेका सबै तहको सरकारका जिम्मेवार पदाधिकारीलाई निर्देशनात्मक सुझाव दिँदै आएका छन् ।

**माघमा...**

३ हजार ५०१ जना, मलेसियामा ४०० जना, मरिससमा १२६ जना, ओमानमा ५३१ जना, मकाउमा १० जना, माल्दिभ्समा २३ जना, कतारमा ३ हजार ६५४ जना, रोमानियामा १३ जना, बेलायतमा १० जना र हङकङमा १ जना गएका छन् । युरोपेली मुलुकमा संस्थागतभन्दा व्यक्तिगत श्रम स्वीकृतिमा जाने र पठाउने क्रम माघमा पनि रोकिएको छैन ।

**माघमा धेरै...**

ब्रदर्स इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा.लि.- ३९४
साउन्ड लाइन्स रिक्रुटमेन्ट प्रा. लि.- ३६४
अल हायात म्यानेजमेन्ट सिस्टम प्रा. लि.- ३४१
शिखर इन्टरनेसनल म्यानपावर सर्भिस प्रा. लि.- ३३६
अल सेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा. लि.- ३३३
जब सिकर म्यानपावर प्रा. लि.- २९७
एयर किंग्स प्लेसमेन्ट प्रा. लि.- २९४
ईन्डेक्स रिक्रुटमेन्ट प्रा. लि.- २६३
द रिभर ओभरसिज प्रा. लि.- २५५
लुलु इन्टरनेसनल प्रा. लि.- २५५
भिजन एन्ड भ्यालु ओभरसिज प्रा. लि.- २४५
एसिया लिंक सर्भिसेस प्रा. लि.- २४१
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.- २२८
कन्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.- २२६
ब्रदर्स रिक्रुटमेन्ट प्रा. लि.- २२०
क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.- २११
जब सिकर म्यानपावर प्रा. लि.- १९७
एचएमटी ओभरसिज प्रा. लि.- १९१
राज ग्रुप अफ कम्पनी प्रा. लि.- १८९
प्रिमियम ह्युमन रिसोर्स प्रा. लि.- १७४
अल आसमाक्स कम्पनी प्रा. लि.- १६६
शेरमान ग्लोबल म्यानेजमेन्ट कन्सल्टचान्ट प्रा. लि.- १८७
वाहा म्यानपावर सप्लायर्स प्रा. लि.- १८२
स्यारोन म्यानपावर सर्भिस प्रा. लि.- १८२
सनलाइट ह्युमन रिसोर्स प्रा. लि.- १७३
माभेन रिक्टुटमेन्ट सर्भिस प्रा. लि.- १७१
लगइन इन्टरनेसनल ओभरसिज रिक्रुटमेन्ट प्रा. लि.- १६४
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा. लि.- १६३
आयुश ओभरसिज प्रा. लि.- १६२
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा. लि.- १५९
मास ह्युमन रिसोर्स प्रा. लि.- १५९
इमिनेन्स रिक्रुटमेन्ट इन्टरनेसनल प्रा. लि.- १५६
इन्डिगो ओभरसिज प्रा. लि.- १५६
नोकरी नेपाल रिक्रुटमेन्स सर्भिस प्रा. लि.- १५५
टेस्ला ओभरसिज प्रा. लि.- १५५
रिलेसन इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.- १५५
रोयल इन्टरनेसनल ओभरसिज प्रा. लि.- १५३
अक्सफोर्ड इन्टरनेसनल प्रा. लि.- १५१
डाइनामिक सेल्स एन्ड सर्भिस प्रा. लि.- १५१
एड्भान्स म्यानेजमेन्ट कन्सल्टचान्स प्रा. लि.- १५०
कन्टिनेन्टल मर्कन्टाइल प्रा. लि.- १४९
सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.- १४८
कान्तिपुर म्यानपावर सर्भिस प्रा. लि.- १४८
सान नेपाल प्रा. लि.- १४८
इस्टवेस्ट प्लेसमेन्ट आईएनसी प्रा. लि.- १४८
जलजला रिक्रुटमेन्ट प्रा. लि.- १४७
मनास्लु इन्टरनेसनल सर्भिस प्रा. लि.- १४४
ब्लु ओसिएन ओभरसिज प्रा. लि.- १४३
दियालो इन्टरनेसनल इम्प्लोइमेन्ट एजेन्सी प्रा. लि.- १४१
इन्टरपिड रिक्रुटमेन्ट सर्भिस प्रा. लि.- १३९
अर्थ स्मार्ट ह्युमन रिसोर्स नेपाल प्रा. लि.- १३८
आइडियल इन्टरनेसनल रिक्रुटमेन्ट प्रा. लि.- १३६
एसपीएम ओभरसिज प्रा. लि.- १३१
एम्स ओभरसिज प्रा. लि.- १३१
एम बी इन्टरनेसनल एचआर नेपाल प्रा. लि.- १३०
रोटरी ओभरसिज प्रा. लि.- १२९
एस आर ग्रुप एचआर कन्सल्टचान्सी प्रा. लि.- १२८
गोरखा ह्युमन रिसोर्स सोलुसन प्रा लि.- १२६
स्टारिस एचआर सर्भिस प्रा. लि.- १२६
एमबी ह्युमन रिसोर्स प्रा. लि.- १२६
मदरल्यान्ड ओभरसिज प्रा. लि.- १२६
डीके रिभर ओभरसिज प्रा. लि.- १२६
इगल म्यानपावर कन्सल्टेन्ट प्रा. लि.- १२५
सगुन ओभरसिज सर्भिस प्रा. लि.- १२४
डेस्टिनी एचआर ग्रुप प्रा. लि.- १२३
श्री ब्रदर्स ह्युमन रिसोर्स प्रा. लि.- १२२
कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा. लि.- १२१
शिवाकोटी म्यानपावर सर्भिस प्रा. लि.- १२०
रेज रिक्रुटमेन्ट प्रा. लि.- ११८
मोभिरा रिक्रुटमेन्ट कन्सल्टचान्सी सर्भिस- ११७
आस्था कन्सल्टिङ प्रा. लि.- ११७
सिजन ओभरसिज प्रा. लि.- ११६
लिडिङ म्यानपावर सर्भिस प्रा. लि.- ११५
अल जाहरा ह्युमन रिसोर्स कन्सल्टचान्सी प्रा. लि.- ११५
इनोभेटिभ ह्युमन रिसोर्स डेभलपमेन्ट प्रा. लि.- ११३
अल जारफा ह्युमन रिसोर्स कन्सल्टचान्स प्रा. लि.- ११३
सिद्ध ग्लोबल सर्भिस प्रा. लि.- १११
लक्की एचआर सोलुसन- ११०
अल ट्वाकेट ओभरसिज नेपाल प्रा. लि.- ११०
मोभिरा एचआर सर्भिस प्रा. लि.- १०९
स्काई ब्लु इन्टरनेसनल ओभरसिज प्रा. लि.- १०५
एक्सेस पार्टनर्स प्रा. लि.- १०२
लिड्स स्टाफिङ सर्भिस प्रा. लि.- १०१
आयुश इन्टरनेसनल ओभरसिज प्रा. लि.- १०१
सिगल इन्टरनेसनल ग्लोबल एचआर कन्सल्टचान्स प्रा. लि.- १००

**प्रतियोगिता...**

प्रतियोगिता नहुने भएको छ । कर्णाली प्रदेश खेलकुद विकास परिषद्समेत लामो समयदेखि सदस्य सचिवविहीन छ । त्यसले गर्दा पनि तोकिएकै समयमा प्रतियोगिता हुने सम्भावना कमै मात्रामा देखिन्छ । २३ चैत आउन अब ४२ दिन मात्र बाँकी छ ।

निवर्तमान सदस्य सचिव विश्वामित्र सञ्ज्यालले प्रतियोगिताको समय घट्दै गएको र आयोजकबाट कुनै पनि आधिकारिक धारणा हालसम्म पनि नआएको हुँदा प्रतियोगिता अन्योलमा भएको बताए । 'प्रतियोगिता हुने भए त अहिलेसम्म विभिन्न सामग्री खरिदलगायतका लागि टेन्डरको सूचना, प्रतियोगिताको तयारी गर्नुपर्ने हो, त्यो केही गरिएकै छैन । सूचना खुलाएपछि मात्र कम्तीमा पनि ६५ दिन लाग्छ तर २३ चैत आउन ४२ दिन मात्र बाँकी छ, कसरी होला र खै ?' यस्तै, सुर्खेतका अधिकांश मानिस २३ चैतमा प्रतियोगिता नहुने ठोकुवा गर्छन् ।

त्यति मात्र होइन, यहाँका स्थानीय अब त प्रतियोगितासमेत सुर्खेतबाट अन्तै सार्ने तयारी गरेको आरोप लगाउँछन् । सुर्खेतका होटेल व्यवसायी तथा स्थानीय पत्रकार चिन्तामणि शर्माले खेलकुद परिषद्का पदाधिकारी नियुक्तिमा ढिलाइ गरे केन्द्र सरकारले दशौं राष्ट्रिय प्रतियोगिता सुर्खेतबाटै सार्न पनि सक्ने बताए । 'कर्णाली प्रदेशको खेलकुद परिषद्का पदाधिकारी छिटो नियुक्त गरौं', उनी भन्छन्, 'यसरी ढिलाइ गर्दा केन्द्रले खेलकुद प्रतियोगिता गर्न आलटाल गर्ने र अन्ततोगत्वा प्रतियोगिता सुर्खेतबाटै सार्न पनि सक्छ । कर्णाली सरकार, क्रियाशील सबै दलहरू अनि नागरिक समाज सतर्क र जिम्मेवार बनौं ।' निवर्तमान सदस्य सचिव सञ्ज्याल खेलकुदमन्त्री तेजुलाल चौधरीले आफ्नो अनुकूलतामा होइन, खेलाडीको अनुकूलतामा राष्ट्रिय खेलकुद गर्नुपर्ने बताउँछन् ।

उनी भन्छन्, 'नैतिकता देखाउने बेला भयो मन्त्रीज्यू ! राष्ट्रिय खेलकुद तपाईंको समय अनुकूलतामा गर्ने कि खेलाडीको समय अनुकूलतामा गर्ने ? मलाई लाग्छ, अर्को समय भनिदिएर मन्त्रीज्यूको फेस सेभिङ गर्ने कुरा हुन सक्छ ।' राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष तथा खेलकुदमन्त्री चौधरीले पनि आइतबार मध्यान्हसँग कुराकानी गर्दै १० औं राष्ट्रिय खेलकुद चैतमा हुन नसक्ने बताए । 'दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता चैतमा हुँदैन जस्तो छ', उनले मध्यान्हसँग भने, 'समय पनि कमै मात्रामा छ, बोर्डको बैठक १५/१६ गते बस्छ अनि कहिले हुने हो निर्णय हुन्छ ।'

मन्त्री चौधरीले थपे, 'अर्थ मन्त्रालयले पनि ४५ करोडको २५ प्रतिशत बजेट घटाएर पठाएको छ, पैसा घटाएर पठाएपछि चैतमा प्रतियोगिता कसरी हुन्छ र ? हामीले फेरि अर्को पत्र पठाएका छौं, हेरौं, अब के जबाफ आउँछ ?' मन्त्री चौधरीले प्रतियोगिताका लागि छोटो समय भएको र तयारी नपुग्ने भन्दै २३ चैतमा प्रतियोगिता नहुने संकेत गरे ।

यता, कर्णालीका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले केन्द्रबाट प्रतियोगिताका लागि कुनै पनि धारणा नआएको बताए । मन्त्री भण्डारीले भने, 'केन्द्रबाट अहिलेसम्म केही धारणा आएको छैन । प्रतियोगिता २३ चैतमा हुँदैन भनेर यसो हल्लाखल्ला सुनिएको छ ।'

प्रतियोगिता तोकिएकै मितिमा हुन्छ कि हुँदैन ? भन्ने प्रश्नमा मन्त्री भण्डारीले आफूहरू आयोजक नभएको र केन्द्रबाट केही धारणा नआएको हुँदा अहिले नै केही भन्न नसकिने बताए । 'केही आधिकारिक धारणा आयो भने प्रतियोगिता हुने/नहुने जबाफ दिन सकिन्छ । अहिले नै हुन्छ र हुँदैन भन्न सकिन्नँ', उनले मध्यान्हसँग भने । साथै, मन्त्री भण्डारीले पदाधिकारी नियुक्तिका लागि पनि केही प्रक्रिया अगाडि नबढेको बताए ।


**Lumbini Province Government**
**Ministry of Indurstry, Tourism and Transport**

# Tourism Division Office

**Kohalpur, Banke, Nepal**

## Invitation for Bids/Sealed Quotation

**Date of First Publication: 2081/11/13 (2025/02/25)**

1. The **Tourism Division Office, Banke** invites electronic bids from eligible bidders for the following works under NCB/ SQ procedures specified in Public Procurement Act and Regulations. All other information and Bid Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid by electronic only with the requested documents within mentioned period. The Name and Identification of the contract are as follows.

| Contract ID No. | Name of Contract | Estimated amt. without VAT & Contingencies in NRs. | Bid Security Amount in NRs. | Bid Fee (Non-Refundable) NRs. | Remarks |
|---|---|---|---|---|---|
| BANKE/TDO/WORKS/NCB-07/2081/082 | Construction of statues of martyrs at Banke Shaheed Smriti Park, Rapti Sonari 6, Banke | 34,00,038.6 | 1,00,000.0 | 3000.0 | |
| BANKE/TDO/WORKS/NCB-08/2081/082 | Construction of Paryatakiye Aawas Ghar at Holleri Hillstation, Runtigadhi-Rolpa | 21,20,016.6 | 65,000.0 | 3000.0 | |
| BANKE/TDO/WORKS/NCB-09/2081/082 | Dharapani Pandaweshwor Mahadev Mandir Dharmik Paryatikye Purwaadhar Nirman, Ghorahi-5, Dang | 42,52,157.7 | 1,25,000.0 | 3000.0 | |
| BANKE/TDO/WORKS/NCB-10/2081/082 | Tharu Saskritik Gram Purbadhar Nirman, Kohalpur-4, Gohawa Banke | 42,19,844.0 | 1,25,000.0 | 3000.0 | |
| BANKE/TDO/WORKS/SQ-77/2081/082 | SomaiNath Mandir Staronnati, Rajpur-02, Dang | 8,56,840.7 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-78/2081/082 | Construction of Truss Hall and Mesh Wire Boundary at Bhairav Gufa Tatha Narsing Bheram Temple, Tulsipur-3, Ramri Dang | 12,85,642.0 | 40,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-79/2081/082 | Construction of Gate and Mesh wire Boundary Wall at Khaurahababa Rapti R.M.-05, Dang | 8,56,475.1 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-80/2081/082 | Nabajivan Church Adhro Bhaban Nirman, Barbardiya Municipality-5, Sadashiba Tole, Bardiya | 6,84,340.1 | 20,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-81/2081/082 | Construction of Truss Hall and Renovation of Karne Raja Temple, Raptisonari-05, Banke | 8,52,929.0 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-83/2081/082 | Sisaubagar Paryatakiye Chhetra Chachariya Taal Purwaadhar Nirman, Lamahi-06, Dang | 12,88,044.4 | 40,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-84/2081/082 | Bagahi Pranami Mandir Bhautik Sanrachana Nirman, Gulariya-04 Bagahi, Bardiya | 12,74,950.9 | 40,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-85/2081/082 | Construction of Temple and Building Historical Chujakot at Mallarani-02, Pyuthan | 12,84,964.3 | 40,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-86/2081/082 | Construction of Guth Keshari Durga Mandir, Mallarani-04, Pyuthan | 8,50,846.6 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-87/2081/082 | Construction of Boundary Wall of Shahawa Balma, Khajura-07, Banke | 8,49,565.2 | 25,000.0 | 10000.0 | |
| BANKE/TDO/WORKS/SQ-88/2081/082 | Renovation of Pashupatinaath Mandir at Nepalgunj-09, Banke | 8,49,190.5 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-89/2081/082 | Construction of Gate, Toilet and Boundary at Mahamritiyunjay Gorkhnathdhaam Chaupata Ghorahi-03, Dang | 8,50,894.6 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-90/2081/082 | Construction of Masonry Wall protection work of Basudevsthan Naraina Temple Ghorahi-09, Dang | 8,49,356.2 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-91/2081/082 | Construction of Truss House and Painting works at Bulbuliya Kabarsthan, Nepalgunj-13, Banke | 8,54,911.5 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-92/2081/082 | Satyadevi Bhagwati Mandir Parisarmaa Samrachana Nirman, Mallarani-04, Pyuthan | 8,50,640.4 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-94/2081/082 | Shahdatpur Nuri Masjit Purbadhar Nirman, Janaki-4, Banke | 8,49,565.2 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-95/2081/082 | Puraini Taal Purwaadhaar Nirman, Kohalpur-03, Banke | 12,75,622.9 | 40,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-96/2081/082 | Rajanuri Masjit Purbadhar Nirman, Janaki-6, Khalepiparhawa Banke | 8,50,031.2 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-97/2081/082 | Laxmi Narayan Dham Mandir Nirman, Khajura 3 Banke | 17,04,826.1 | 50,000.0 | 10000.0 | |
| BANKE/TDO/WORKS/SQ-98/2081/082 | Construction of Gate, Mesh wire Boundary And Interlock Block Paving Works at Bhulke Religious Area, Jhimruk-04, Pyuthan | 17,18,997.1 | 50,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-99/2081/082 | Construction of Flower Bed carry and Flagestone Pavining Works at Kamaldaha, Sisne-Rukum East | 17,13,108.8 | 50,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-100/2081/082 | Construction of wall for 108 Dhara at Kotahi Bhagwati Mandir, Gulariya-04, Bardiya | 8,50,288.7 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-101/2081/082 | Construction of Meshwire Boundary at Waterpark, Nepalgunj-01, Banke | 8,49,767.9 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-102/2081/082 | Construction of Statue, Meshwire Boundary, Interlocking Block Works at Kranti Sangrahalaye, Tulsipur-19, Sankram Dang | 8,50,478.1 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-103/2081/082 | Construction of RCC Pond, Meshwire Boundary at Bhulke, Rapti R.M- Dang | 12,82,208.5 | 40,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-104/2081/082 | Construction of Children Park, Kohalpur-05, Banke | 8,89,108.6 | 25,000.0 | 1000.0 | |
| BANKE/TDO/WORKS/SQ-31/2081/082 | Bhairav Swavalamban Savings and Loan Co-operative Society Limited Incomplete Building Construction, Barbardiya Municipality Ward No. 4 Padnah, Bardiya | 8,49,570.8 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-32/2081/082 | Construction of Pauranik Sirohia Ghat, Barbardia Municipality Ward no. 6 Manpur, Bardia | 7,58,160.2 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-37/2081/082 | Constructruction of Maulakot Picnicspot, Ghorahi-13, Dang | 8,55,116.7 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-41/2081/082 | Construction of Structure of Gumba Kohalpur -8 Banke | 12,76,337.0 | 40,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-42/2081/082 | Construction of Magar Museum at Ban Batika Botanical Park Kohalpur-08, Banke | 8,49,497.1 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-43/2081/082 | Construction of Aanandighat Temple Structure at Lathuwaghat, Madhuban-6, Bardiya | 8,58,308.9 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-44/2081/082 | Construction of Taksera Samaj Cultural Building Infrastructure Tulsipur-04, Dang | 15,29,331.1 | 45,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-45/2081/082 | Construction & Upgrading of Training Hall of Nepal Jadibuti Association, Nepalgunj-5, Banke | 16,97,450.9 | 50,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-46/2081/082 | Construction of Picnic Spot on Redsoil Park ,Sunil Smriti -1 Rolpa | 8,48,794.5 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-47/2081/082 | Construction of Aashram Bhawan at Santaneshwor Religious Place, Narainapur, Banke | 12,74,856.5 | 40,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-48/2081/082 | Construction of Mahantapurwa Masjit and Repair, Duduwa-6, Banke | 8,49,920.3 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-52/2081/082 | Badhuwababa Mandir Nirman at Halkarapurwa Duduwa-3, Banke | 8,56,348.4 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-53/2081/082 | Construction of Kali Mandir, Sarumaraani-1, Pyuthan | 12,74,425.8 | 40,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-54/2081/082 | Shree Shree 1008 Param Hans Baba Baldevdas Mandir Staronnati, Janaki-2, Banke | 8,59,599.5 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-55/2081/082 | Construction of Shiv Parvati Mandir, Duduwa-3 Rampurwa Banke | 8,49,402.8 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-56/2081/082 | Construction of Temple & Steps at Sitapur Religious Place, Babai-2, Dang | 12,74,426.2 | 40,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-57/2081/082 | Construction of Shahid Park & Silalekh at Sunilsmriti-7, Eribasne, Rolpa | 8,52,932.6 | 25,000.0 | 1000.0 | Re-Bid |
| BANKE/TDO/WORKS/SQ-59/2081/082 | Construction of Foottrail with Paving Works at Sundaradevi Bhagwati Saktipith, Shantinagar Dang | 8,51,833.5 | 25,000.0 | 1000.0 | Re-Bid |

**Office Chief**

# ‘सामाजिक सञ्जालको नियमन आवश्यक’




काठमाडौं/मस-सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्न सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक जरुरी रहेको बताएका छन् ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिले सोमबार ‘श्रमजीवी पत्रकार ऐन कार्यान्वयन र ऐन संशोधनको सम्बन्ध’ मा आयोजित अन्तर्क्रिया कार्यक्रम मन्त्री गुरुङले सामाजिक सञ्जाल नियमनसम्बन्धी बन्न लागेको विधेयकले कुनै मिडिया र अनलाइन माध्यम बन्द गर्न नभइ सामाजिक सञ्जालमा जथाभावी समाज र राष्ट्र विरोधी अभिव्यक्ति नियमन गर्न खोजेको प्रष्ट पारे ।

नेपाल सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङले दहीजस्तै जमेर बसेको समाजमा सामाजिक सञ्जालमा पोखिने कतिपय अराजक अभिव्यक्ति लोकतन्त्र विरोधी रहेको उल्लेख गर्दै वर्तमान सरकार लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षधर रहेको बताए ।

‘हामीले विधेयकमार्फत सामाजिक सञ्जाल दुरुपयोग गर्ने र लोकतन्त्रमा दख्खल दिनेहरुलाई नियमन गर्न खोजेका हौं, कुनै मिडिया, पत्रकार र नागरिकको आवाज बन्द गर्ने मनसायमा छैनौं ।’

राष्ट्रियसभामा छलफलको क्रममा रहेको उक्त विधेयकउपर नेपाल पत्रकार महासंघ र सम्बन्धित सरोकारवालाले सांसदहरुलाई आवश्यक दफावार संशोधन गर्न सुझाव दिन सक्ने मन्त्री गुरुङको भनाइ थियो । नेपाल पत्रकार महासंघले विधेयकविरुद्ध आन्दोलन गर्नुको सट्टा विधेयक जनमुखी बनाउन दफावार छलफलमा सुझाव दिन सक्ने उनले बताए । ‘पत्रकारहरुले आन्दोलन गर्ने होइन, बरु विधेयक राम्रो बनाउन थप सुझाव दिनुपर्छ’, उनले भने,‘सामाजिक सञ्जालसम्बन्धी बन्न लागेको विधेयक बन्देज होइन, नियमन मात्रै हो ।’ त्यस्तै, मन्त्री गुरुङले न्यूनतम पारिश्रमिक निर्धारण समितिको ऐन संशोधन गर्ने तथा सशक्त निकाय बनाउनेमा मन्त्रालय सधैँ सहकार्य गर्न तयार रहेको बताए ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा.सुरेश आचार्यले न्यूनतम पारिश्रमिक निर्धारण समितिलाई आर्थिक, जनशक्ति र ऐन तीनवटै पक्षबाट बलियो संयन्त्र बनाउनुपर्ने धारणा राखे ।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले ऐन संशोधन गर्ने र आवश्यक बजेटको व्यवस्थापन गर्न आफू प्रतिबद्ध रहेको बताइन् । उनले मन्त्रालयको प्राथमिकतामा पत्रकारिता क्षेत्र रहेको जानकारी दिँदै समितिको नीतिगत सुधार तथा आर्थिक सुधारमा मन्त्रालय सक्रिय हुने बताइन् । कार्यक्रममा सार्वजनिक सेवा प्रसारण संस्था (पिएसबी) का अध्यक्ष डा.महेन्द्र विष्ट, नेपाल प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्मा, पत्रकार बबिता बस्नेत, सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारी, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्कालगायतले श्रमजीवी पत्रकार र पत्रकारिताका पक्षमा धारणा राखेका थिए ।

# प्रधानमन्त्रीसँग एनसीसी प्रतिनिधिको भेट



**काठमडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीसँग युवा आदान-प्रदान कार्यक्रम, २०२५ मा सहभागी हुन नेपाल आएका मित्रराष्ट्र भारत, भूटान र माल्दिभ्सका ‘राष्ट्रिय क्याडेट कोर’ (एनसिसी) का टोलीले सोमबार शिष्टाचार भेट गरेको छ ।

प्रधानमन्त्री ओलीसँग महाशिवरात्रि तथा नेपाली सेना स्थापनाको २६२औं वार्षिकोत्सवका अवसरमा काठमाडौंमा आयोजना हुने उक्त युवा आदान-प्रदान कार्यक्रममा सहभागी हुन आएको टोलीले प्रधानमन्त्री निवास, बालुवाटारमा भेट गरेको हो । सो अवसरमा प्रधानमन्त्री ओलीले युवा आदान-प्रदानका कार्यक्रमद्वारा नेपाली सेनाले मित्रराष्ट्रका सेनासँगको आपसी सम्बन्धलाई बलियो बनाउनाका साथै क्याडेटबीच सीप, संस्कृति र परम्पराको आदान-प्रदान गर्ने सुनौलो अवसर सृजना गर्दै आएको बताए ।

उनले यस्ता कार्यक्रमले आपसमा सामाजिक, आर्थिक र सांस्कृतिक यथार्थहरूको अझ बढी बुझाइ र कदर सृजना गर्ने भएकाले आपसी सम्बन्धलाई अझ सुमधुर बनाइ सम्पूर्ण संसार एक समुदाय हो भन्ने सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री ओलीले अध्ययन, अवलोकन र जीवनका वास्तविकताहरू अनुभव गरेर सिक्ने प्रक्रिया निरन्तर चलिरहने भएकाले यस मञ्चमार्फत एक ऊर्जावान्, भविष्यका एक सम्मानित र गतिशील युवा बन्न सहभागीलाई प्रेरणा मिलोस् भनी कामना गरे ।

कार्यक्रमअन्तर्गत विभिन्न देशका युवाहरूलाई एकत्रित गरेर उनीहरूलाई बफादार, अनुशासित, जिम्मेवार, भविष्यका असरदार नेतृत्वकर्ता र असल नागरिकका रूपमा रूपान्तरण गर्ने काम गरिन्छ । एनसिसीले युवाहरूमा राष्ट्रियता, देशभक्ति, नेतृत्व, आत्मविश्वास र राष्ट्रसेवाजस्ता गुणहरू विकास तथा प्रवर्द्धन गर्दै आएको छ । उक्त ३४ सदस्यीय भ्रमण टोली नेपाली सेनाको निमन्त्रणामा यही फागुन ९ गते नेपाल आएको हो । भेटका अवसरमा नेपालको राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक उपरथी यामप्रसाद ढकाल, भारतको एनसिसीका महानिर्देशक गुरवीर पाल सिंह, भूटान स्काउट एसोसिएसनका निर्देशक साङ्गे चोदेन, माल्दिभ्सका प्रतिनिधिमण्डलका प्रमुख रिफान अलीलगायत सहभागी थिए ।

# ‘नो केबलकार समूह’ लाई फेरि वार्तामा बोलाइयो



**काठमाडौं/मस–** सरकारले ‘नो केबलकार समूह’ लाई फेरि वार्तामा बोलाएको छ । ताप्लेजुङस्थित पाथीभरा मुक्कुम्लुङ केबलकार खारेजीको माग गर्दै आन्दोलनरत समूहलाई सरकारी वार्ता टोलीले फेरि वार्तामा आउन अपिल गरेको हो । सरकारी वार्ता टोलीका संयोजक प्रेमप्रसाद भट्टराईले पाथीभरा क्षेत्रमा केबलकार निर्माणको क्रममा आन्दोलनरत समूहबाट उठाइएका सामाजिक, धार्मिक, सांस्कृतिक तथा स्थानीय समुदायको स्थानीय समस्या समाधानका गर्न आन्दोलनरत पक्षलाई पुन वार्तामा बस्न भनेका छन् ।

भट्टराईले सोमबार विज्ञप्ति जारी गर्दै वार्ताको माध्यमबाटै समस्याको शान्तिपूर्ण समाधान गर्ने उद्देश्यले केबलकार निर्माण स्थगित गरिएकाले आन्दोलनरत पक्षलाई वार्ता र संवादमा आउन अपिल गरेका छन् ।

सरकारी पक्षले यसअघि दुई पटक संवादका लागि आन्दोलनरत पक्षलाई बोलाइसकेको छ । एक पटक वार्ता भए पनि सहमति जुट्न नसक्दा ताप्लेजुङमा झडप बढ्न थालेपछि स्थानीय प्रशासनले प्रदर्शनमा रोक लगाएको छ ।

# जीप दुर्घटनामा २ जनाको मृत्य

बागलुङ/मस-बागलुङको बडिगाड गाउँपालिकामा पिकअप जीप दुर्घटना हुँदा दुईको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

जिल्लाको बडिगाड गाउँपालिक-७ भिमगिठेदेखि यात्रु लिएर वडा नं १० दर्लिङतर्फ जाँदै गरेको लु ३ च ५५६९ नम्बरको जीप सोमबार साँझ दुर्घटना हुँदा निसीखोला गाउँपालिका-७ चोलाङ बस्ने ७५ वर्षिया खड्क बहादुर कुवँर र ढोरपाटन नगरपालिका ५ बस्ने ३५ वर्षीया जुना कँडेलको मृत्यु भएको हो । जीप सार्कीपाटा भन्ने स्थानमा पुग्दा उकालोमा समस्या देखिएपछि रोकेर ओत लगाउने क्रममा ब्याक भएर दुर्घटना भएको जनाइएको छ ।

दुर्घटनामा बडिगाड-९ बस्ने ६३ वर्षीया तेजकुमारी बुढा, सोही ठाउँका ५० वर्षीया निमसरा बुढा, ५२ वर्षीया थमकुमारी पौडेल र ३० वर्षीया सीता पौडेल घाइते भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायक उपरीक्ष विजय यादवले जानकारी दिए । घाइतेमध्ये एक जनाको सनाखत हुन सकेको छैन ।

घाइतेमध्ये तेजकुमारी बुढालाई थप उपचारका लागि अन्यत्र रेफर गरिएको छ अन्य घाइतेको बुर्तिबाङ अस्पतालमा उपचार भइरहेको यादवले बताए । दुर्घटनामा परेकाहरूको प्रहरी र स्थानीय बासिन्दालगायतले उद्धार गरेका थिए । जीपमा १२ जना सवार रहे पनि अन्यको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

# विभेद अन्त्यको माग गर्दै प्रदर्शन



**काठमाडौं/मस–** दलित समुदायमाथिको विभेद अन्त्य, अन्तरजातीय विवाहलगायत विषयमा उत्पन्न समस्याबारे सरकारको ध्यानाकर्षणका लागि सरोकार भएकाहरूले सोमबार काठमाडौंमा प्रदर्शन गरेका छन् ।

दलितका लागि दलित अभियानको संयोजनमा विभिन्न दलित अधिकारवादी संघसंस्थाको सहभागितामा सोमबार भएको प्रदर्शनका क्रममा माइतीघरदेखि नयाँ बानेश्वरसम्म र्‍याली निकालिएको थियो ।

दलित हिंसा गर्नेमाथि कारबाही गर, अन्तरजातिय विवाह गर्नेहरूमाथि हुने हिंसा बन्द गर, दलितलाई खै ? लगायतका नारासहित प्रदर्शन गरिएको अभियानका संयोजक खगेन्द्र सुनारले जानकारी दिए ।

दलित अधिकारकर्मीहरूले अन्तरजातीय विवाहपछि प्रहरीले पटक-पटक पक्राउ गरी दुःख दिएको भनिएका सिरहाका सत्येन्द्र राम र नेहा रौनियारको जोडीका बारेमा आवाज उठाउँदै आएका छन् ।

दलितका लागि दलित अभियानले राज्यका हरेक तहमा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व, देशका विभिन्न भूभागमा जातीय विभेद, हत्या, छुवाछूतलगायतका विषय सम्बोधनको माग गर्दै चरणबद्ध आन्दोलन गरिरहेको छ ।

# महाशिवरात्रीमा ४ हजार स्वयंसेवक र ८९० जना ट्राफिक प्रहरी खटाइने




**काठमाडौं/मस–** शिवरात्रीका दिन पशुपतिमा ४ हजार जना स्वयंसेवक खटाइने भएको छ । यस वर्ष फागुन १४ गते मनाइने शिवरात्रीमा पशुपतिनाथमा हुने भीडभाडलाई व्यवस्थित बनाउन ४१ स्वयमसेवी संस्थाहरूका ४ हजार स्वयंसेवक खटाइने पशुपति क्षेत्रविकास कोषले सोमबार पत्रकार सम्मलेन गर्दै जानकारी दिएको हो ।

‘दर्शन, लाइन सहजीकरणका लागि नेपाल स्काउट, लायन्स क्लब, विश्व हिन्दु युवा परिषद लगायतका ४१ स्वयमसेवी संस्थाहरूका स्वयमसेवीहरू परिचालन हुनेछन्’, महाशिवरात्रि प्रचारप्रसार तथा साजसज्जावट व्यवस्था उपसमितिका संयोजक राजु खत्रीले सम्मेलनमा बोल्दै भने । उनले शिवरात्रीमा पशुपति क्षेत्रमा गाँजा भाङ खान नपाइने व्यवस्था गरिएको पनि जानकारी दिए ।

यस्तै, सो समयमा पशुपति क्षेत्रमा पूजाआजा गर्न आउने भक्तजन एवम् दर्शनार्थीलाई सहज रूपमा आवत-जावत तथा दर्शन गर्ने वातावरण मिलाउन ८९० जना ट्राफिक प्रहरी खटाइने उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । कार्यालयले प्रहरी नायब उपरीक्षक (डिएसपी)को कमान्डमा कमाण्डमा ८९० जना ट्राफिक प्रहरी खटाएको हो ।

यसका साथै उपत्यका ट्राफिक प्रहरी कार्यालयले दर्शनार्थी एवम् भक्तजनका सवारी साधनहरूको पार्किङका लागि तीलगंगा आँखा अस्पताल अगाडी, सिफलचौर र गुहेश्वरी पारी करिडोर सडकमा, बनकाली क्षेत्रमा दमकल, एम्बुलेन्स र खानेपानीको ट्यांकरका लागि र कोषको कार्यालय र सिफलचौरमा पासवाहक सवारी साधन र प्रहरी बृत्त गौशालामा सुरक्षाकर्मीका सवारी साधनहरुलाई पार्किङ व्यवस्था मिलाएको छ ।


## बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**ढुंखर्क, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### आन्तरिक आय संकलन सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/११/१३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ (घ) ६, दफा ६२ क, बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८० को अनुसूची ५ मा तोकिएको दररेट बमोजिम यस गाउँ कार्यपालिकाबाट आ.व. २०८१/०८२ (२०८१ चैत्र १४ गते देखि २०८२ आषाढ मसान्त सम्मको) लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का E-Bidding मार्फत बन्दोवस्त गर्नुपर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुङ्गा, ग्रावेल बिक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र Electronic Bid Submission मार्फत शिलबन्दी बोलपत्र आह्वानको लागि सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | स्वीकृत दर रेट | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | माल बस्तुको नाम | इकाई | करको दर रु. (मु.अ.कर.बाहेक) |
| १ | BRM/IR/ 02/081/82 | बेथानचोक गाउँपालिका क्षेत्र भित्रका नदीजन्य (ढुङ्गा, ग्राभेल लगायत नदी जन्य सामग्री) को बिक्रि/श्रोत उपयोग शुल्क | ५,६५,७१,४३६.०० | ५,०००.०० | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | ढुंगा, ग्राभेल, बेस लगायत अन्य सोहि प्रकृतीका सामान | प्रति घन फिट | रु. ९।०० |

**ठेक्का सम्बन्धि शर्तहरू :**

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Electronic Bid Submission मार्फत बुझाउनु पर्नेछ ।
२. बोलपत्र फाराम खरिदको लागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोबल आइएमई बैंक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता नं. **१२२०४०१००००००५**, राजश्व **शीर्षक नं. १४२२९** मा रकम जम्मा गरेको भौचर संलग्न गरि PPMO को वेबसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८१/११/२८ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ ।
३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी मिति २०८१/११/२८ को १२:०० बजे भित्र PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८१/११/२८ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता गर्नुपर्नेछ । दर्ता हुन आएका बोलपत्रहरू मिति २०८१/११/२८ गते दिनको १:०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधीहरू र कार्यालय प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. बोलपत्र पेश गर्दा आफुले कबोल गरेको मु.अ. कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोवल आई एम.ई बैक, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता नं. **१२२०१०१००००००२०** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।
५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
६. बोलपत्र स्वीकृत सम्बन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।
७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलव्ध गराईनेछ । साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ ।
८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरूको लागि प्रयोग हुने निर्माणजन्य सामग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्वन्धित आयोजनाबाट बिक्रि मूल्य असुल गर्नेछ ।
९. तोकिएको अवधि भित्र किस्ता रकम प्राप्त हुन नआएमा सम्झौता गर्दा कार्यालयको नाममा जारी भएको बैंक कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गरिनेछ। सो सम्बन्धमा ठेक्का लिने पक्षको कुनै उजुर बाजुर लाग्ने छैन ।
१०. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ ।
११. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरू ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । मुल्य अभिबृद्धि कर बापतको रकम किस्ता रकम सँगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।
१२. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१३. जुन आर्थिक वर्षको लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।
१४. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।
१५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१६. नेपाल सरकारबाट जारी ढुंगा गिट्टी तथा बालुवा उत्खनन तथा विक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ साथै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।
१७. यसमा उल्लेख नभएका अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## सम्पादकीय

# बदलिनुपर्ने माओवादी

लामो समयको तयारीपछि नेकपा (माओवादी केन्द्र)ले हुलाकी राजमार्ग केन्द्रित अभियान सुरू गरेको छ । गत साउनमा सत्ताबाट बाहिरिएलगत्तै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको बीचमा जाने घोषणा गरेका थिए । सत्ताको खेलमा अल्मलिने रहर नभएको प्रस्टोक्तिसहित प्रचण्डले जनताको बीचमा जाने बताएका थिए । तर, त्यसैबेला माओवादीको अन्तरसंघर्ष चर्कियो । उपमहासचिव जनार्दन शर्माले स्थायी समिति बैठकमै नेतृत्व परिवर्तनको प्रस्ताव राखे । शान्ति प्रक्रियामा आएपछि पार्टी निरन्तर ओरालो लाग्नुको समीक्षा गर्दै नेतृत्व परिवर्तनको प्रस्ताव शर्माले राखेका थिए । उनको प्रस्तावबाट प्रचण्ड सबभन्दा बढी अप्ठ्यारोमा परे किनकि नेतृत्वमै कायम रहने हो भने महाधिवेशन हलबाट निर्वाचित भएर आउन शर्माले चुनौती दिएका थिए ।

अन्तरकलह साम्य पार्न प्रचण्डले रणनीति बदले । भदौमै केन्द्रीय समिति बैठक राखेर पार्टी कार्यक्रम बढाउने भन्दा पनि प्रदेशस्तरीय भेला राख्ने योजना प्रचण्डले बनाए, जसअनुसार सातै प्रदेशमा प्रचण्ड पुगे, गैरभौगोलिक प्रदेशको बैठक बस्यो । यी सबै बैठकमा केन्द्रीय सदस्यदेखि जिल्ला नेतृत्वसम्म सहभागी भए । प्रचण्डले आफ्नो औचित्यबारे ब्रिफिङ गरेर नेताहरूलाई सहमत गराए । प्रचण्डको उद्देश्य पार्टीभित्र आफ्नो स्वीकारोक्ति बढाउनु नै थियो । नभन्दै पुस तेस्रो सातामा बल्ल केन्द्रीय समिति बैठक बस्यो । त्यो बैठकमा अन्तरसंघर्ष कुनै पनि रूपमा सार्वजनिक हुन दिइएन । स्वयं शर्मालाई १३ मिनेटभित्र कुरा राख्न भनिएको थियो । अनि, त्यही बैठकको योजनाअनुसार माओवादी हुलाकी राजमार्ग केन्द्रित अभियानमा निस्किएको छ ।

यो अभियानका क्रममा माओवादी नेताहरूले जनतासँग साथको अपिल माग्ने योजना छ । विगतमा भएका गल्तीहरूमा माफी मागेर फेरि साथ दिन आग्रह गर्नेगरी अभियान चल्दै छ । अभियानको पहिलो दिन प्रचण्डले मञ्चबाटै सत्ताको चक्करमा गल्ती हुन पुगेको भन्दै त्यसप्रति माफी मागे । अभियानभर नेताहरूले बोल्ने भन्दा बढी जनताको कुरा सुन्ने नीति अपनाइने भएको छ । यसको प्रस्ट सन्देश भने माओवादी सच्चिएको सन्देश आमजनतासम्म लैजाने हो । वर्तमान सरकारले देशको हितमा काम नगर्ने प्रचार पनि अभियानका क्रममा हुने छ । अभियानको लामो उद्देश्य भने आगामी चुनावको तयारी नै हो । नेताहरूले सच्चिएको माओवादीलाई मत दिएर सबैभन्दा ठूलो शक्ति बनाउन अभियानभर जनतासँग अपिल गर्ने योजना बनाएका छन् । तर, अभियान चल्दै गर्दा देखिएका पृष्ठभूमिलाई मात्र सम्झँदा पनि माओवादीमा चाहिएको ठूलो सुधार भनेको यसको नेतृत्व प्रवृत्ति हो ।

# संवेदना हराउँदै गएको समय

प्रेममा जातको तगारो । सम्बन्धमा जातको तगारो । धर्ममा जातको तगारो । संस्कृतिमा जातको तगारो । हुँदाहुँदा अब मृत्युको शोकमा पनि जातकै तगारो ? उफ्... यो जात । कहिले तोडिन्छ यो जातको तगारो ?

अग्रलेख



● रत्न प्रजापति

बैतडी जिल्लाको सिगास गाउँपालिका- १, अङ्डेगाडाका प्रकाश दमाईं गाउँकै भूमिराज आधारभूत विद्यालयका शिक्षक हुन् । तर, गाउँका सयौं बालबालिकाको उज्ज्वल भविष्यका लागि सधैं साथ र सहयोग गर्दै आएका उनै प्रकाशकी आमाको मृत्यु हुँदा भने मलामी जाने पनि कोही भएनन् ।

मलामीकै अभावमा उनले आमाको लाससमेत समयमा उठाउन सकेनन् । लास उठाउन पनि टाढाका आफन्तको प्रतीक्षामा १ दिन कुर्नुपर्‍यो । ३ माघमा शनिबार बिहानै दिवंगत भएकी आमाको लास उनले आफन्त आएपछि ४ माघ आइतबार मात्र उठाउन सके । उनी कथित 'तल्लो जात'को भएकैले उनले यो स्थिति बेहोर्नुपर्‍यो । मृत्युको संवेदनशील घडीमा पनि साथ नदिने कति क्रूर छ, जातको तगारो ।

जातभन्दा मानवीयता महान हो । जातभन्दा संवेदना ठूलो हो । तर, आमाको मृत्युको शोकले गलेको एउटा शिक्षकप्रति पनि सहानुभूति र संवेदना प्रकट नगर्ने यो समाजको हृदयमा अरू गरिब र दलितप्रति कहिले सहानुभूति र संवेदना जाग्ला ? जातलाई छाडेर मानवता र संवेदनाकै आधारमा लास उठाउन साथ दिनुपर्ने र मलामी बनिदिनुपर्ने समाज उल्टै तमासे बनिदिँदा प्रकाश दमाईंको मनमा कति पीडा भयो होला ? कति घोच्यो होला, त्यो उपेक्षा र अपमानको सुइरोले प्रकाशको छातीमा ? हामी अन्दाज मात्र गर्न सक्छौं ।

जातले मान्छेभित्रको संवेदनालाई पनि कमजोर बनाइदिँदो रहेछ । कति बलियोसँग जरो गाडेको रहेछ त यो जातले मान्छेको मनमा !

प्रेममा जातको तगारो । सम्बन्धमा जातको तगारो । धर्ममा जातको तगारो । संस्कृतिमा जातको तगारो । हुँदा-हुँदा अब मृत्युको शोकमा पनि जातकै तगारो ? उफ्... यो जात । कहिले तोडिन्छ यो जातको तगारो ?

जातीय विभेद र छुवाछुतविरोधी अभियानका अभियन्ता र तिनै अभियन्ताले चलाएका हजारौं गैरसरकारी संघसंस्थाहरू यही देश र देशका सबै जिल्ला र सबै गाउँ पनि छन् । गैरसरकारी संघसंस्थाहरू नपुगेको कुनै ठाउँ बाँकी छैन । तर, तिनले जनचेतनाका के अभियान चलाएछन् त ? मान्छेहरूमा जातीय विभेद र छुवाछुतविरुद्ध के-कति चेतना र जागरण जगाएछन् त ? अङ्डेगाडा घटनापछि यस्ता प्रश्न खडा भएका छन् ।

सामाजिक चेतना फैलाउन खुलेका हजारौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू छन् । तर, गैरसरकारी संघसंस्थाका नाउँमा केही टाठाबाठा मान्छे मात्र पोस्ने काम भइरहेको अवस्था छ ।

यस्तो अवस्थामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संसारभर दिँदै आएको सहायता तत्कालका लागि रोक लगाउने आदेश दिएसँगै नेपालमा पनि अमेरिकी सहयोग नियोगमार्फत पाइरहेको सहयोग रोकिँदा दुःखी हुनुपर्ने कुनै कारण देखिँदैन । आखिर गैरसरकारी संघसंस्था भनेका केही टाठाबाठाहरूको कमाई खाने भाँडो मात्र रहेछ भन्ने कुरालाई प्रकाश दमाईंले भोग्नुपरेको जातीय विभेद र समाजको संवेदनहीनताले पुष्टि गरेको छ । जातसँगसँगै जोडिएर आउने अविच्छिन्न विषय मानवीय संवेदना पनि हो । मानवीय संवेदना प्रखर भएको अवस्थामा जातको विषय झिनो र कमजोर भइदिन्छ । तर, मानवीय संवेदना नै कमजोर भइदियो भने जातले आफ्नो शिर उठाउने अवसर पाउँछ । प्रकाश दमाईंको हकमा यही भएको हो ।

यद्यपि, मानवीय संवेदना कमजोर भइदिँदा गैरदलितले पनि उपेक्षित हुनुपरेका घटना पनि छन् । यस्तै, एउटा ताजा घटना हो, गत २३ माघमा कमलपोखरीस्थित शानदार मःम पसलमा ग्यास लिक भई भएको आगलागी । सो आगलागीमा परी ११ जना सख्त घाइते भएका थिए । यो आलेख तयार गर्दासम्म घाइतेमध्ये ४ जनाको मृत्यु नै भइसकेको छ भने अन्यको अस्पतालमा उपचार भइरहेको छ ।

मृत्युको खबर पत्रपत्रिका र सामाजिक संजालमार्फत सार्वजनिक भएका थिए । तर, सो घटनाप्रति चासो राख्ने र मृतकप्रति दुःख, सहानुभूति र संवेदना व्यक्त गर्नेहरू खोइ ? समाचार पढे, बिर्से । २ पैसा कमाएर घरपरिवारको छाक टार्ने उद्देश्यले त्यहाँ काम गरिरहेका गरिब घर परिवारका ४ जना कामदारले ज्यान गुमाउँदा पनि सहानुभूति र संवेदनासम्म व्यक्त नगर्ने हाम्रो समाज र हाम्रो सरकार कति संवेदनहीन रहेछ त ?



नागरिकको जस्तै राज्यको पनि सामाजिक दायित्व हुन्छ । नागरिकले आफ्नो दायित्व निर्वाह गर्नुपर्छ भने राज्यले पनि गर्नुपर्छ । सामाजिक दायित्व निर्वाहमा राज्य चुक्यो भने विशेषगरी राज्यका गरिब, निमुखा र निरीह जनताको जीवन कष्टकर हुन्छ । पोखराको बेलुन विस्फोट र राजधानीको ग्यास सिलिन्डर विस्फोटको घटनालाई तुलनात्मक रूपमा हेर्ने जोसुकैले राज्यले वर्गीय विभेद गरेको र आफ्नो सामाजिक दायित्व निर्वाहमा चुकेको देख्ने छन्...

उता, पोखरामा एउटा भव्य कार्यक्रममा बेलुन पड्केर आगोले पोलेका देशका उपप्रधान एवं अर्थमन्त्री र पोखरा नगरका मेयरलाई तत्काल हेलिकोप्टरबाट काठमाडौं ल्याएर उपचारको व्यवस्था यही राज्यले गर्न सक्यो ।

तर, राजधानीको मुटुमै भएको आगलागीका पीडितलाई समयमै उद्धार गर्ने संयन्त्रसम्म पनि राज्यले परिचालन गर्न सकेन । एउटा एम्बुलेन्ससम्म नपाएर घाइतेलाई सामान बोक्ने गाडीको छतमा राखेर अस्पताल पुर्‍याउनुपर्‍यो । यस्तो स्थितिको लज्जाबोध राज्यलाई कहिले हुन्छ ?

शक्तिशाली नेतालाई आगोले पोल्दा त्यति धेरै संवेदनशील हुने राज्यले निरीह जनता आगोमा जल्दा पनि त्यति संवेदनशील बन्न सकेन । शक्तिशाली नेता र निरीह जनताबीच राज्यले नै यस्तो विभेदको पर्खाल खडा गर्न मिल्छ ? के नेताको जीवन अमूल्य र जनताको जीवन मूल्यहीन हो ? आगलागीमा परी मृत्यु भएका उदयपुरको उदयपुरगढी- ७ का २२ वर्षीय प्रदीप तामाङ, मकवानपुरको मनहरि गाउँपालिका- ५ डिल्लीपुरका १८ वर्षीय रविन राई, उदयपुर कटारी नगरपालिका- ८ गालटारका २५ वर्षीय भीमबहादुर घले मगर र काभ्रे बेथानचोक गाउँपालिका धुनखर्कका २५ वर्षीय छिरिङ लामाको आत्माले यस्तै सोचिरहेको होला । तिनका परिवारले पनि यस्तै सोचिरहेका होलान् । कठै ! गरिब र असहायप्रति कति संवेदनहीन छ हाम्रो राज्य !

देशका उपप्रधान एवं अर्थमन्त्रीलाई सामान्य आगोले पोल्दा तत्काल हेलिकोप्टरबाट अस्पताल पुर्‍याउने अनि देशका राष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्री र स्वास्थ्यमन्त्रीलगायतको लस्कर अस्पतालमा उपचाररत घाइतेलाई भेट्न र घाइतेको अवस्था बुझ्न जाने तर निरीह जनता आगोमा जलेर सिकिस्त हुँदा र मर्दा पनि राज्य बेखबर भएर बस्ने ?

तिनै निरीह जनताले खाई नखाई तिरेको करको गुन तिर्नुपर्दैन राज्यले ? घाइतेको उपचारसँगसँगै मृतकको परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न राज्यले के पहल गरेको छ ? जो मरेर गए, तिनको सहारामा बाँच्नेहरूको वर्तमान र भविष्य अब के हुन्छ ? यसमा राज्यको कुनै दायित्व छैन ? राज्य मौन बसेको देख्दा मनमा यस्तै प्रश्न उठ्छन् ।

नागरिकको जस्तै राज्यको पनि सामाजिक दायित्व हुन्छ । नागरिकले आफ्नो दायित्व निर्वाह गर्नुपर्छ भने राज्यले पनि गर्नुपर्छ । सामाजिक दायित्व निर्वाहमा राज्य चुक्यो भने विशेषगरी राज्यका गरिब, निमुखा र निरीह जनताको जीवन कष्टकर हुन्छ । पोखराको बेलुन विस्फोट र राजधानीको ग्यास सिलिन्डर विस्फोटको घटनालाई तुलनात्मक रूपमा हेर्ने जोसुकैले राज्यले वर्गीय विभेद गरेको र आफ्नो सामाजिक दायित्व निर्वाहमा चुकेको देख्ने छन् । नेपालको संविधान, २०७२ को धारा १८(३) मा राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनिएको छ । तर, राज्य स्वयंले नागरिकको आर्थिक अवस्थालाई हेरेर भेदभाव गरेको उदाहरण हुन् शानदार मःम पसलका आगलागीपीडितहरू ।

जुन अस्पतालमा देशका राष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्री र स्वास्थ्यमन्त्रीले आगोले पोलेका घाइतेलाई भेट्न गए, त्यही अस्पतालमा आगोले जलेका घाइते पनि उपचाररत थिए । के तिनलाई भेटे हाम्रा राष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्री र स्वास्थ्यमन्त्रीले ? संवेदनामा पनि राजनीतिको रङ देखियो । यदि भेटेकै भए खोइ त्यसको समाचार ? हाम्रो मिडिया पनि शक्तिकै मात्र पछि लागेको हो ? जनताको दुःख, पीर र मर्कामा मिडियाको साथ खोइ ?

पोखरामा बेलुन विस्फोट घटनाको छानबिन गर्न मन्त्रीस्तरीय निर्णयबाट छानबिन समिति बन्यो । तर, ४ जनाको ज्यानै जानेगरी भएको ग्यास सिलिन्डर विस्फोट घटनाको छानबिन गर्ने आवश्यकता राज्यले किन देखेन ? गरिब जनताको सवालमा राज्यले गर्ने यस्तो बेवास्ताले जनतामा कस्तो सन्देश जान्छ ? यसको प्रभाव जनताको मनमा कस्तो पर्छ ? राज्यका सम्बन्धित निकायले सोचेको देखिएन । उता, बैतडीको सिगास गाउँपालिकामा समाज संवेदनहीन बन्यो । यता, राजधानीमा राज्य नै संवेदनहीन बनेको देखियो । उता, मान्छेले जातीय विभेद गरे । यता, राज्यले नै वर्गीय विभेद गर्‍यो । यो विभेदको संस्कृति र संवेदनहीन राजनीतिले मुलुकलाई कता लान्छ ? सोचनीय भएको छ ।

## इतिहासमा आज

२५ फेब्रुअरी १९८६ मा राष्ट्रपति फर्डिनान्ड मार्कोस भागेपछि कोराजोन एक्विनो फिलिपिन्सकी पहिलो महिला राष्ट्रपति बनेकी थिइन् ।



२५ फेब्रुअरी १९१० मा दलाई लामा चिनियाँ सेनाबाट बच्न तिब्बतबाट भागेर भारत गएका थिए ।




२५ फेब्रुअरी १५७० मा पोप पियस पाँचौंले इंग्ल्यान्डकी रानी एलिजाबेथ प्रथमलाई रोमन क्याथोलिक चर्चबाट बहिस्कार गरेका थिए ।



२५ फेब्रुअरी १९५६ मा सोभियत संघको कम्युनिस्ट पार्टीको २०औं कांग्रेसमा सोभियत प्रथम सचिव निकिता ख्रुस्चेभले जोसेफ स्टालिनको निन्दा गरेका थिए ।



## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

आफूहरूको लोभ-लालच, महत्त्वकांक्षा पार्टी र कार्यकर्तालाई भरण पोषण, संरक्षण, आर्थिक अनुशासनहीन कामकारबाहीले गर्दा आफ्नो देशका नागरिकहरूले त मूल्यांकन गरेका नै थिए, अन्तर्राष्ट्रिय जगत्मा समेत चिनिएरै छाडे । आउने नयाँ पुस्तालाई समेत खाडलमा हाल्ने खेल ।

जीवनलाई फर्केर हेर्दा, पहिले मन नपरेको कतिपय समय अहिले प्रिय लागेको मैले अनुभव गरेको छु । जीवनको कुनै समय कष्टकर वा अभाव हुँदैमा त्यो अप्रिय भइहाल्दैन, जीवन उद्देश्य उन्मुख थियो र त्यो उद्देश्य राम्रो थियो भने फर्केर हेर्दा त्यो प्रीतिकर लाग्छ । मुख्य कुरा हो, असल उद्देश्य ।




**निलाम्बर आचार्य**



**सूर्यराज आचार्य**

२ ठूला दलको शक्तिशाली सरकार छ । सरकारले काम गर्न सकेको छ ? भन्ने प्रश्नमा सरकारकै मान्छेहरू भन्छन्, 'अहँ, भनेअनुसार काम गर्न सकेन ।' किन ? भन्ने अर्को प्रश्नमा झन् उदेकलाग्दो जबाफ आउँछ । 'अहिलेको राज्य/सरकारको संयन्त्रमा कामै गर्न सकिन्नँ !' अब मेरो प्रश्न : यो संयन्त्र कसले बनाएको हो ?

पुँजी चलायमान भयो भने पुँजी पलायन पनि रोकिन्छ र रेमिटचान्स बढ्छ, तर पुँजी अपचलन भयो भने पुँजी पलायन हुन सक्छ र पुँजी पलायन हुँदा रेमिटचान्स घट्न सक्छ । हाम्रो जस्तो रेमिटचान्समुखी अर्थतन्त्रमा यसले विशेष महत्त्व राख्छ ।



**नवराज पन्त**

# राजाको व्यर्थको चर्चा

विचार



● सरोज कोइराला

राजनीतिक परिवर्तन अझै आवश्यक छ तर नागरिकहरूलाई अधिकार सम्पन्न बनाउने अहिलेको भन्दा अगाडिको परिवर्तन आवश्यक छ, पछाडिको होइन । विचारविहीन नेता, देशलाई चाहिँदैन भने विचारविहीन राजाको आवश्यकता पनि छैन देशलाई...

यदि जनताका प्रतिनिधिहरूले देश चलाउन नसकेकै हुन् भने, यसको विकल्प त नेपाली नागरिकलाई अझ अधिकारसम्पन्न बनाउनुपर्ने होइन र ? अधिकारसम्पन्न नागरिकले काम नगर्ने जनप्रतिनिधिलाई फिर्ता बोलाउन सक्छन् । विकासको खाका आफैं कोर्न सक्छन् । कहाँ, के संरचना बनाउने, नबनाउने निर्णय गर्न सक्छन् ।

यो काम जनप्रतिनिधिहरूमार्फत कार्यान्वयन गराएर उनीहरूलाई साँच्चिकै जनताको नोकरको तहमा राख्न सक्छन् । तर, विडम्बना ! अहिले राजा ल्याउने कुरा भइरहेको छ ।

अहिले एउटा समूह जुन राजा ल्याउने कुरा गरिरहेको छ, त्यही राजाले शासन हातमा ल्याएपछि जनताको मुख थुनेको हामीले बिर्सेको छैन । हामीले काम गर्ने संचार संस्थाहरूमा आर्मीले बुट बजारेको भुलेको छैन । तेर्सिएको बन्दुकको बीचमा थरथर काम्दै रेडियोमा कार्यक्रम चलाएको भुलेको छैन ।

राजा फर्किए त ती दिन पनि फर्किने होलान् नि ? २१औं शताब्दीमा जुन राजाले नागरिकको अभिव्यक्तिको स्वतन्त्रता खोस्यो, प्रेस स्वतन्त्रता कुल्चियो, त्यही राजा फेरि ल्याउने ? यदि राजालाई हात-खुट्टा बाँधेर खोपीमा सजाएर राख्ने हो भने त्यसको खाका के हो ?

'देश बचाउन हामीलाई सहयोग गर्न आव्हान गर्दछौं' भन्ने राजालाई देश बचाउने र बनाउने खाकाबारे चाहिँ सोध्नुपर्दैन राजा ल्याउन कम्मर कस्नेहरूले ? अनि, तपाईंहरूले त्यही राजा फिर्ता ल्याएपछि धेरै पर होइन, ३ महिना टिकाउने योजना ल्याउनुपर्दैन ? तपाईंहरूसँग राजा र हिन्दु राज्यको रोटी सेकेर सत्तारोहण हुनेभन्दा बढी अरू के कार्यक्रम छ ?

के यो देश राजनीतिक परिवर्तनको प्रयोगशाला हो ? त्यसैले यो राजनीतिक परिवर्तन अझै आवश्यक छ तर नागरिकहरूलाई अधिकारसम्पन्न बनाउने अहिलेको भन्दा अगाडिको परिवर्तन आवश्यक छ, पछाडिको होइन । विचारविहीन नेता देशलाई चाहिँदैन भने विचारविहीन राजाको आवश्यकता पनि छैन देशलाई । नेता, राजा, बुद्धिजीवी, नागरिक जोसुकै होस्, राज्य संचालनमा आउँछु भन्ने हरेकले विचार र राज्य संचालनको खाका र देश विकासको योजनासहित आउनुपर्छ । अनि, त्यसको निर्णय नागरिकले गर्लान् । होइन भने अब जनतालाई मूर्ख बनाउन छाडौं, जनता मूर्ख छैनन् ।

बरु आउनुहोस्, सबै पक्ष एक ठाउँमा बसेर मन्थन गरौं, नेपाली नागरिकलाई आफ्नै जनप्रतिनिधिले लुट मच्चाएको ५ वर्ष हेरिरहनुपर्ने बाध्यताबाट कसरी बाहिर निकाल्ने ? नागरिकलाई कसरी अधिकारसम्पन्न बनाउने ? अहिलेको दलीयकरणको अन्त्य कसरी गर्ने ? राजनीतिक सहभागिताको बृहत् खाका कसरी बनाउने ? जनप्रतिनिधि र राज्य संचालकहरूलाई जबाफदेही कसरी गर्ने ?

अहिलेको संविधानमा केके संशोधन गर्ने र अगाडि बढ्ने भनेर छलफल गरौं अनि निष्कर्षमा पुगौं । अब योभन्दा अरू कुनै पनि गैह्रराजनीतिक तमासाको औचित्य छैन ।

# ‘८४ मा कांग्रेस एक्लै चुनाव लड्छ’



**सूर्यप्रकाश बुढा मगर / मध्यान्ह**
रोल्पा, १२ फागुन

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले ०८४ को चुनावमा कांग्रेस एक्लै लड्ने बताएका छन् ।

आइतबार नेपाली कांग्रेस प्यूठानको आमसभालाई सम्बोधन गर्दै उनले भने, ‘अहिलेदेखि नै वडा, पालिका क्षेत्र जिल्लामा एक ढिक्का भएर अगाडि बढ्नुहोस् । त्यही अनुरुप नेपाली कांग्रेसका नेता कार्यकर्ता समेत लाग्नुपर्छ । ०८४ को चुनावमा कांग्रेस एक्लै लड्छ ।’

यस्तै उनले नेपाली कांग्रेसमा कोही सानो कोही ठूलो भन्ने नरहेको पनि बताए ।

उनले भने, ‘यहाँ कोही ठूलो, कोही सानो छैन । म मञ्चमा महामन्त्री भएर बसेको छु,पद मात्र,जिम्मेवारी मात्र हो,यहाँ उभिनु भएको ९ जवानको हैसियत छ, मेरो हैसियत पनि बराबर हो ।’ महामन्त्री थापाले नेपाली कांग्रेस पार्टी कुनै ‘बा’ को पार्टी नभएको बताए ।

अहिलेको सरकार निर्माणको बारेमा प्रसंग जोड्दै महामन्त्री थापाले भने, ‘अगाडि सरकार कसरी बन्यो भनेर चर्चा चल्यो,०७४ सालमा पाँचवटा दल मिलेर सरकार बनायौं, त्यो गल्ती थियो, प्रचण्ड प्रधानमन्त्री बन्नुभयो । हामी चाहन्थ्यौं पाँच दल मिलेर बनेको सरकार पाँच वर्षसम्म चलोस् भन्ने । नेपाली कांग्रेसले चाहन्थ्यो, प्रचण्ड आफै निर्णय गरेर कांग्रेसलाई छाडेर नेकपा एमालेसँग मिल्न जानुभयो,कांग्रेस कहि पनि सरकारको लागि र सत्ताको लागि बेइमानी गरेन’ उनले भने ।

संविधान संशोधनको प्रसंगलाई जोड्दै महामन्त्री थापाले नेपाली कांग्रेसको नेतृत्वमा संविधान जारी भएको जिकिर गर्दै भने, ‘संघीयता, गणतन्त्र, लोकतन्त्र, समानुपातिक केही पनि चल्दैन र रहन्छन् । जिल्ला समन्वय समिति किन चाहियो ?, किन राखेको उदाहरणका लागि यसलाई हटाउँछौं । यति धेरै सांसद संख्या किन चाहियो ?, किन यति धेरै राखेको,हामी सांसद संख्या घटाउँछौ । मन्त्री संख्या घटाउँछौ,सरकारको खर्च घटाउँछौं ।’

नेपाली कांग्रेसको महाधिवेशनको प्रसंगलाई जोड्दै थापाले भने, ‘नेपाली कांग्रेसको महाधिवेशन तोकिएको समयमा हुन्छ । ०८२ को मंसिरमा नेपाली कांग्रेसको १५औं महाधिवेशन हुने त्यसपछि ०८४ मा स्थानीय तह,प्रदेश तथा संघको चुनाव हुनेछ ।’

# अस्पतालको लापरबाहीले बिरामीको मृत्यु भएको भन्दै आन्दोलन



**सत्येन्द्रप्रताप सिंह / मध्यान्ह**
रौतहट, १२ फागुन

रौतहट गौर सेन्ट्रल अस्पतालको लापरबाहीका कारण १८ वर्षीय लालु यादवको मृत्यु भएको भन्दै पीडित परिवारले निष्पक्ष छानबिनको माग गरेका छन् ।

गौर नगरपालिका ३ निवासी धर्मेन्द्र यादवका छोरा लालु यादवको आन्द्राको शल्यक्रिया गर्ने क्रममा मृत्यु भएको हो । मृतकका काका देवेन्द्र अधिकारीले पत्रकार सम्मेलन गर्दै अस्पताल प्रशासनको चरम लापरबाहीका कारण भतिजाको ज्यान गएको आरोप लगाए ।

अधिकारीका अनुसार सुरुमा लालु यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल गौरमा लगिएको थियो । तर त्यहाँ कार्यरत चिकित्सक पंकज साहले उपचार सम्भव हुँदाहुँदै निजी अस्पतालमा रेफर गरिदिएका थिए । अधिकारीले भने, ‘डाक्टर पंकज साह लगायत केही चिकित्सकको मिलेमतोमा बिरामीलाई जबरजस्ती निजी अस्पताल पठाइएको थियो । कमिशनकै कारण लालुको ज्यान गयो ।’

उनले सरकारी अस्पतालमा उपचार सम्भव हुँदा पनि बिरामीलाई निजी अस्पतालमा पठाउनु केवल लापरबाही मात्र नभइ आपराधिक क्रियाकलाप भएको दाबी गरे ।

घटनापछि मृतकका आफन्त र स्थानीयवासी आक्रोशित बनेका छन् । उनीहरूले दोषी चिकित्सक तथा अस्पताल प्रशासनविरुद्ध कडा कारबाहीको माग गर्दै आन्दोलनको चेतावनी दिएका छन् । शनिबार स्थानीयबासीले अस्पताल अगाडि प्रदर्शन गर्दै ‘लापरबाही गर्ने चिकित्सकलाई कारबाही गर’ भन्दै नारा लगाएका थिए ।


## Free Visa ! Free Ticket सहित युएईमा रोजगारको अवसर

कम्पनीः A R C ELECTROMECHANICAL CONTRACTING CO — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/११/११ — चलानी नं.: ६०२३३५०५ — LT. No.: 319118

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Air-condition Mechanic | 5 | 0 | | 1200 | ४५,२२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २० गते (4 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

साथै यसै कम्पनीका लागि Labour को पनि माग भएकाले इच्छुकले निशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Good Luck International Manpower Pvt. Ltd.**
Good Luck — Gov. Lic. No. 1357/074/075
ठेगानाः अल नेपाल हस्पिटल गेटबाट सुप्रिम कलेज गेट सँगै, सामाखुसी, काठमाडौं Tel: 01-4989404
Mob: 9851326291 | 9851326292 | 9851326293 | 9851326294 | 9851326295 | 9851326296 | 9851326298 | 9851326297| Web.: www.manpowersnepal.com
E-mail: ceogoodluckinternational@gmail.com, paneru2005@gmail.com, goodluckinternational01@gmail.com
WhatsApp No. 9851326291 सम्पर्क गर्न सकिनेछ । साथै 9851326291/92 मा Document Forward गर्नुसक्नु हुनेछ ।



## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

कम्पनीः **D.I. MAIN-LINE JOB AGENCY**

पूर्व स्वीकृत मितिः २०८१/०३/१९ — चलानी नं.: ६०२२१८७६ — LT. No.: 307197 — शहरः Limassol — पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 9 | 0 | स. काममा दक्ष | 1000 | १४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मितिः २०८१/०३/१९ — चलानी नं.: ६०२२१८७५ — LT. No.: 307196 — शहरः Limassol — पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 6 | 10 | स. काममा दक्ष | 1000 | १४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मितिः २०८१/०२/२७ — चलानी नं.: ६०२२०७७० — LT. No.: 306044 — शहरः Limassol — पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 20 | स. काममा दक्ष | 700 | १०१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मितिः २०८१/०२/२७ — चलानी नं.: ६०२२०७७२ — LT. No.: 306046 — शहरः Limassol — पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 4 | 13 | स. काममा दक्ष | 700 | १०१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मितिः २०८१/१०/०६ — चलानी नं.: ६०२३१५३९ — LT. No.: 317364 — शहरः Limassol — पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 14 | स. काममा दक्ष | 850 | १२३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मितिः २०८१/१०/०६ — चलानी नं.: ६०२३१५४० — LT. No.: 317365 — शहरः Limassol — पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 6 | 0 | सम्बन्धित काममा दक्ष | 700 | १०१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 5 | 0 | | 700 | १०१,३६० | | | | | | | |
| 3. | Factory Worker | 2 | 0 | | 670 | ९७,०१६ | | | | | | | |
| 4. | Salesgirl | 0 | 3 | | 750 | १०८,६०० | | | | | | | |

अन्तर्वार्ता शाखा कार्यालय सिर्जनाचोक, पोखरामा २०८१ फागुन २० र २१ गते (4 & 5 March 2025) मा हुनेछ ।

Minimum of 3 years of experience in a similar role and fluency in English are required

साथै यसै कम्पनीबाट Dishwasher को पनि माग आएका हुनाले Dishwasher मा अनुभव हुने सम्पूर्ण इच्छुक व्यक्तिहरूले निःशुल्क परामर्शका लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ८०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No.:1643/080/081
Basundhara-03, Kathmandu Nepal. Contact: 014971229, 015903078
Email - info@langtangoverseas.com, Website: www.langtangoverseas.com
Pokhara Contact 061-570074, 061-570075, Mobile - 9810124144, 9856035786



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, धरान शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/१३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १ | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा मिति २०७६/१२/०५ मा दर्ता नं. : २३६६९४/०७६/०७७, कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ०४ स्थित राशी रिसोर्ट प्रा.लि. । |
| २ | **क्रेडिट कार्ड लिनेको नाम र ठेगाना :** |
| | चन्द्रमान तामाङको नाती, टेक बहादुर तामाङको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. २ बस्ने इन्द्र तामाङ । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | चन्द्रमान तामाङको नाती, टेक बहादुर तामाङको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. २ बस्ने इन्द्र तामाङ । |
| २ | सुकमान तामाङ्को छोरी, इन्द्र तामाङको श्रीमती, महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स/उ.म.न.पा. वडा नं. ६ बस्ने शिल्पा तामाङ्ग । |
| ३ | राम बहादुर तामाङ्को छोरी, टेक बहादुर तामाङको श्रीमती, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ६ बस्ने सितादेवि तामाङ्ग । |
| **धितो सुरक्षणको विवरण :** | |
| १ | राशी रिसोर्ट प्रा.लि. को नाममा मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगरा न.पा./गा.वि.स. वडा नं. ४ (नक्सा सिट नं. ४क) को किता नं. २०१ को ०-१४-०-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक — www.sanimabank.com
‘अलकापुरी’, नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, नौविसे शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/१३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| ऋणीको नाम, थर र ठेगाना : |
|---|
| भैरव बहादुर राईको नाती, सुन्तले राईको छोरा, धादिङ्ग जिल्ला, नौबिसे गा.वि.स वडा नं. ४ बस्ने **बिर बल राई** । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| मच्छेनारायण महर्जनको छोरी, बिर बल राईको श्रीमती, काठमाण्डौ जिल्ला, काठमाण्डौ उ.म.न.पा/गा.वि.स वडा नं. १३ बस्ने **रीना महर्जन** । |
| **धितो सुरक्षणको विवरण :** |
| **बिर बल राई**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला, नौविसे गा.वि.स/न.पा. वडा नं. ४ (नक्सा सि.नं. ४ग) को कित्ता नं. ८५४ को ०-११-२-३ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक — www.sanimabank.com
‘अलकापुरी’, नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!
## शून्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

रोजगारदाता कम्पनी : कम्पास क्याटेरिङ सर्भिसेस डब्लुएलएल, दोहा
Employer Company : COMPASS CATERING SERVICES WLL, DOHA

| पूर्व स्वीकृत मितिः | २०८१/०७/२० | चलानी नं.: | ६०२२७५४२ | एल टी नं.: | ३१३१५५ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2024/11/05 | Invoice No.: | 60227542 | L.T. No.: | 313155 |

| सि.नं S.N. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 29 | 0 | 1500 | ५५,४४० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 39 | 22 | 1000 | ३६,९६० | | | | | | | |

Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।
The final interview will be conducted in the office on 21 & 22 March 2025.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ८ र ९ गते हुनेछ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.
हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194835 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हरिवन शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/११/१३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

